**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.०१-६६१४६८६

**शिक्षा शिविरसम्बन्धी सूचना**

यस संस्थाको नयाँ सदस्य तथा यसअघि शिक्षा शिविरमा बस्न छुटेका सदस्यहरूलाई लक्षित गरी तपसिलको मिति, समय र स्थानमा हुने शिक्षा शिविरमा अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछ ।

**कार्यक्रम**
**मिति** : २०८३/०२/०२
**समय** : बिहान ७:०० बजेदेखि
**स्थान** : संस्थाको सभाहल
**पुनश्च** : भविष्यमा ऋण सुविधाको लागि शिक्षा शिविरमा अनिवार्य उपस्थित भएको हुनुपर्छ ।
*आयोजक : शिक्षा उपसमिति*

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर दैनिक
The Worker Daily
Website : www.onlinemajdoor.com

**Wanted**

| S.N. | Level | Qualification | No. |
|---|---|---|---|
| 1. | Pre-Primary Level | 10+2 or above (experienced) | 2 |
| 2. | Basic Level Science | Bachelor or Running (Experienced) | 2 |

Apply with handwritten application and CV asap.
Contact : 01-6614835, 9851042790
Email : sunshine.bkt17@gmail.com
Address : Dudhpati, Bhaktapur
**Sunshine National School**
Dudhpati-1, Bhaktapur
Contact No. 01-6614835, 9851042790

★ वर्ष : २८ ★ अङ्क : १११ ★ ने. सं. ११४६ बछला गा, द्वादशी ★ बिहीबार ★ ३१ वैशाख, २०८३ ★ May 14, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# जनताले सम्झिने राष्ट्रपतिहरू

नेपालमा राष्ट्रपति निर्वाचनको दौडधुपको बेला स्कूल, कलेज, गाउँ र सहर, चिया पसल र छरछिमेकमा पनि विभिन्न देशका राष्ट्रपतिहरूका बारे चर्चा हुँदै छ । केहीले भने - भारत र अमेरिकाजस्ता ठुलठुला देशका राष्ट्रपतिहरूका बारेमा मात्रै होइन; नेपालजस्ता कम जनसङ्ख्या र साना-ठुला तेस्रो विश्वका देशहरूका देशभक्त र साम्राज्यवादविरोधी छवि भएका राष्ट्रपतिहरूको सम्बन्धमा सोच्नु र सिक्नु बढी सान्दर्भिक छ । केहीले भने-एकचोटि चीनजस्तो विशाल जनसङ्ख्या र संसारको सबभन्दा ठुलो क्षेत्रफल भएको देश रुसका राष्ट्रपतिहरूबारे जानकारी राख्नु उपयुक्त हुन्छ ।

निश्चय पनि ठुलठुला र सम्पन्न देशहरूका राष्ट्रपतिबारे नेपाली पत्रपत्रिकाहरूमा बरोबर अनेक सामग्री छापिन्छन् । यसकारण, वर्तमान स्थितिमा हाम्रैजस्ता गरिब तथा विकासोन्मुख देशहरूका राष्ट्रपति र तिनीहरूको व्यक्तित्वबारे परिचय पाठकहरूको निम्ति राम्रै जानकारी हुनेछ ।

पूर्वी अफ्रिकाको एक मुलुक तान्जानियाको पहिलो राष्ट्रपति जुलियस नीरेर ४२ वर्षको उमेरमा राष्ट्रपति भएका थिए । सन् १९२२ मार्चमा उनको जन्म भएको थियो । २०-२१ वर्षसम्म राष्ट्रपति भएर ६३ वर्षको उमेरमा स्वेच्छाले उनले राजनीतिबाट अवकाश लिए । सन् १९८० तिर आफ्नो देशलाई अफ्रिकी देशहरूमध्ये शिक्षित देशको रूपमा अगाडि बढाउन उनी सफल भए । उनले आफ्नो देशमा यातायात, उद्योग र कृषि उत्पादनमा पनि प्रगति गरे । १४ अक्टोबर सन् १९९९ मा उनी ७७ वर्षको उमेरमा बिते । उनी अफ्रिकी साम्राज्यवादविरोधी एकताका एक प्रबल अग्रदूत थिए ।

त्यस्तै, अफ्रिकाको 'सुनको किनारा' भनिने घानाका राष्ट्रपति क्वामे एनक्रुमा पनि अफ्रिकाका एक शिखर र चर्चित राष्ट्रपति थिए । बेलायती उपनिवेशवादविरोधी नेताको रूपमा चिनिएका एनक्रुमाको जन्म सन् १९०९ सेप्टेम्बरमा भएको थियो । खेलकुद एवम् नाचगान मन पराउने एनक्रुमा साथीहरूसँगै इतिहास, मनोविज्ञान, जनताको सेवा र भाषण कलाबारे अध्ययन मनन गर्थे । त्यसबेला माथिल्लो स्तरका अफ्रिकीहरू संरा अमेरिकालाई 'उपनिवेशवादविरोधी प्रजातन्त्र र समानताको देश' सम्झन्थे । यसकारण, उनी सन् १९३५ तिर नातागोतासँग सहयोग लिएर बेलायतको हाइड पार्क र त्यहाँको झिलिमिली हेर्दै अमेरिका जाने बाटोमा लागे । त्यसबेला आर्थिक सङ्कटको कारण बेलायतका लाखौँ युवा र मजदुरहरू बेरोजगार थिए । सरकारको र साम्राज्यवादको विरोधमा भाषण दिने स्थल हाइड पार्क देख्दा उनी खुसी हुन्थे । तर, उनलाई त्यसबेला नाजीवाद र फासीवादबारे थाहा थिएन । उनी त्यसबेला २६ वर्षका थिए ।

एनक्रुमा अमेरिकाको लिङ्कन विश्वविद्यालयमा अर्थशास्त्र र समाजशास्त्रमा स्नातक तहमा भर्ना भए । उनले अर्थशास्त्र र दर्शनशास्त्रको अध्ययन गरे । उनले टाल्स्टायजस्ता लेखकहरूको साहित्यको अध्ययन गर्न थाले । अमेरिकालाई उनले भेदभाव भएको जातिवादी समाजको रूपमा पाए । त्यहीँ उनले समाजवादी र साम्यवादी साहित्य अध्ययन गरे तथा राजनीतिक सङ्गठनहरूमा सक्रियता देखाए । दोस्रो विश्वयुद्धको बेलामा सोभियत सङ्घ र कम्युनिस्ट आन्दोलनबाट उनी प्रभावित भए तथा अन्तर्राष्ट्रिय राजनीतिबारे पनि जानकारी राख्न थाले ।

सन् १९४६ मा उनी बेलायत फर्के । तर, उनी बेलायतको उपनिवेशवादी र युद्धकारी राजनीतिबाट खुसी भएनन् । यसकारण, उनले 'नयाँ अफ्रिका' भन्ने एक मासिक पत्रिका प्रकाशित गरे । सन् १९४७ मा अफ्रिकामा विभिन्न देशहरूका साथीहरूसँग सम्पर्क राख्दै आफ्नो देश घाना फर्के । त्यसबेला उनी ३० वर्षका थिए ।

सन् १९४८ देखि उनले 'जनताको सम्मेलन' नामको एक राजनैतिक दल स्थापना गरे । साथै, पत्रिका पनि प्रकाशित गरे । उनका गतिविधिबाट बेलायती उपनिवेशवादी सरकार सतर्क हुन थाल्यो । जनता र सङ्गठनको बलमा सन् १९४२ मा उनी प्रधानमन्त्री भए ।

बेलायतीहरूले एनक्रुमा र उनका मन्त्रीहरूलाई महँगो गाडी र राम्रो स्तरीय आवासको बन्दोबस्त गरे । तर, एनक्रुमा र अन्य मन्त्रीहरूले साधारण गाडीमात्रै प्रयोग गर्थे; दुईतले एउटा भवनलाई आवास बनाए । सन् १९६० मा एनक्रुमा ५१ वर्षको उमेरमा राष्ट्रपति भए । १९६१ मा एनक्रुमाको प्रतिनिधिमण्डल मस्को गएर त्यहाँको जलविद्युत् उत्पादन, कपास खेती, पशुपालन र मासु उत्पादन प्रविधिको अवलोकन गर्‍यो । सन् २ जनवरी १९६५ मा उनी कारमा बस्ने बेला एक प्रहरीले उनलाई ताकेर ५ वटा गोली हान्यो; उनी बचे तर एक अङ्गरक्षकको मृत्यु भयो । अमेरिकाको केन्द्रीय गुप्तचर विभाग ( सीआईए) को गतिविधि बढेको त्यहाँका जनताले चाल पाए ।

सन् १९६६ फेब्रुअरीमा एनक्रुमाको एक प्रतिनिधिमण्डल पेइचिङ पुग्दा घानामा सैनिक विद्रोहबाट संसद् र सरकार भङ्ग गरी शासन सत्ता सेनाले हत्यायो । त्यस सैन्य विद्रोहको सामना गर्न उनी राष्ट्रपतिकै रूपमा घानाको निम्ति उडे । एनक्रुमा त्यसबेला ५७ वर्षका थिए । तर, त्यहाँको गम्भीर परिस्थितिको कारण उनी गिनीमा अवतरण गरे । गिनीका राष्ट्रपति सेकुतुरेले उनलाई 'सह राष्ट्रपति' को रूपमा स्वागत गरे; उनी जीवनभर अफ्रिकाको समाजवादको निम्ति सङ्घर्षरत रहे । २७ अप्रिल १९७२ को दिन रोमानियामा क्यान्सर रोगको उपचारकै क्रममा ६३ वर्षको उमेरमा उनी बिते । उनी साम्राज्यवाद र उपनिवेशवादको विरोधमा जीवनको अन्तिम दिनसम्म जुझिरहे ।

सेकुतुरे फ्रान्सेली उपनिवेशको विरोधमा सङ्घर्ष गरी देशलाई स्वतन्त्र गर्ने एक सम्भ्रान्त परिवारका सदस्य भएर उनले 'गिनी प्रजातान्त्रिक पार्टी' स्थापना गरेका थिए । उनी ९ जनवरी १९२२ मा जन्मेका थिए । मार्क्स र लेनिनका साहित्यबाट प्रभावित भएर उनी सन् १९५८ मा पहिलो राष्ट्रपति भए । उनी उत्पादनका सबै साधन राष्ट्रियकरण गर्ने पक्षका थिए । सन् १९८४ मार्च २६ को दिन ६२ वर्षको उमेरमा उनी मुटुको व्यथाले बिते । अमेरिकी षड्यन्त्रबाट घानाका राष्ट्रपति एनक्रुमालाई आफ्नै देशको सह-राष्ट्रपतिको रूपमा स्वागत गर्ने सेकुतुरे एक साम्राज्यवादविरोधी र समाजवादको समर्थकको रूपमा सदा सम्झिनेछन् । यस्ता राष्ट्रपतिहरूसँग हाम्रा राष्ट्रपतिका उम्मेदवारहरू तुलना गर्नु मनासिब नै हुनेछ ।

***२३ फागुन, २०७९ (७ मार्च, २०२३)***
***स्रोत : सम्पादकीय सङ्कलन तेस्रो खण्ड***

# कला, संस्कृतिमा सम्पन्न नगरलाई जीवन्तता बनाउन चित्रकलाको महत्त्वपूर्ण भूमिका




भक्तपुर, ३० वैशाख । नेपाल क्रान्तिकारी युवा सङ्घ र नेक्राविसङ्घ ८ वडा समितिको आयोजनामा मङ्गलबार स्थलगत चित्रकला र टग अफ वार प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम नगर प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा अतिथि प्रजापतिले चित्रकलाले चित्र मात्र प्रस्तुत गर्ने नभई तत्कालीन समाजको एक सशक्त साहित्यको प्रतिबिम्ब देखाउँछ भन्नुभयो ।

उहाँले फसिदेग पुनः निर्माणको क्रममा एक कलाकारको चित्रलाई आधार मानेर अहिलेको फसिदेग स्वरूपमा निर्माण गरेको इतिहास उल्लेख गर्दै कला, संस्कृति र चाडपर्वले सम्पन्न रहेको नगरलाई अझ जीवन्त बनाइराख्न चित्रकलाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी ८ वडा समितिका अध्यक्ष लक्ष्मीनारायण दुवालले विद्यार्थी कालदेखि नै सृजनात्मक क्रियाकलापमा लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भनपा ८ वडा सदस्य रामसुन्दर बासीले चित्रलेखन र हस्तलेखनजस्ता महत्त्वपूर्ण कलाले मानिसको स्वभाव प्रस्तुत गर्ने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष रमण बोहजूको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सुजी हेंग्वजु, विकास तमखु, जयराम कोजु, राधिका बेकोजुलगायतले बोल्नुभयो ।

माध्यमिकस्तरीय चित्रकला प्रतियोगितामा वागीश्वरी माविका क्यारोलाइन प्रजापति, इलाइका माक र प्रोवेश एकेडेमीका रिक मानन्धर क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल भयो ।

त्यस्तै आधारभूत विद्यालयस्तरीय (कक्षा ६–८) चित्रकला प्रतियोगितामा प्रगति सामुदायिक अध्ययन केन्द्रका

***बाँकी पृष्ठ २ मा***

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**दाफा प्रदर्शनीबारे भक्तपुर नगरपालिकाको सूचना**

भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी हुने भएकोले निर्धारित मितिभित्र दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**दर्ता गर्ने अन्तिम मिति** : २०८३ जेठ १० गते
**समय** : कार्यालय समयावधिमा
**दर्ता गर्ने स्थान** : भक्तपुर नगरपालिका प्रशासन शाखा, ब्यासी
: भक्तपुर नगरपालिकाका वडा कार्यालयहरू
: जनज्योति पुस्तकालय, इताछेँ, नःपुखु
**दर्ता शुल्क** : रु.१००।– प्रतिसमूह

**दाफा प्रदर्शनीसम्बन्धी नियमहरू** :
१) एउटा समूहमा वाद्यवादन र गायनसमेत गरी बढीमा १६ जना कलाकारहरू सहभागी हुन सक्नेछन् । एउटै कलाकार एकभन्दा बढी समूहमा सहभागी हुन पाइनेछैन ।
२) वाद्यवादनमा लालाखीं, झ्यालिंचा र तँ अनिवार्य हुनुपर्नेछ भने संगती बाजाको रूपमा पोङा, नौ बाजालगायतका बाजाहरू समावेश गर्न सकिनेछ ।
३) प्रत्येक समूहलाई राग बढीमा ३ मिनेटसम्मको हुने गरी जम्मा १५ मिनेट समय प्रदान गरिनेछ ।
४) सहभागी दाफा समूहले तल उल्लेखित दाफा गीतमध्ये कुनै एक छनौट गरी फाराममा उल्लेख गर्नुपर्नेछ :
१) हाय् हाय् राम राम (रणजीत मल्लको रचना) २) पचली भैरव
३) करुणामय ४) हाय् हाय् बालख
५) गोरा अर्थात् गोला (साची) ६) निदान (एकनाल)
७) नास:द्यो ८) राम नाम (चाली)
९) मनकामना १०) जय नमो:
११) जति १२) श्याम विना
५) सहभागी समूहका सदस्यहरूको पोशाकको एकरुपता र मञ्चमा प्रस्तुतीकरण शैलीलाई विशेष ध्यान दिइनेछ । समूहमा महिलाको उपस्थितिलाई उत्साहित गरिनेछ ।
६) दाफा प्रदर्शनीमा प्रस्तुतिको क्रम गोला प्रथाबाट निर्धारित गरिनेछ । प्रथम प्रस्तुति गर्ने समूहले द्यो ल्हाय् गर्नुपर्नेछ भने अन्तिम समूहले आरती पनि दिनुपर्नेछ ।
७) दाफा प्रदर्शनीमा सहभागीमध्ये उत्कृष्ट ५ वटा समूहलाई विशेष प्रोत्साहन गरिनेछ ।
(नोट: संशोधनसहित)

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**जापानी भाषा र चिनियाँ भाषा तालिमसम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८३/०१/३१ गते**

भक्तपुर नगरपालिकाको आयोजनामा आधारभूत तहको जापानी भाषा र चिनियाँ भाषा तालिम सञ्चालन हुने भएकोले इच्छुक नगरवासीहरूले यो सूचना प्रकाशित भएको १५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा, कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य विस्तृत जानकारीको लागि आ-आफ्नो वडा कार्यालयहरूमा सम्पर्क गर्नुहोला ।

**नोट** :
- निवेदन फाराम सम्बन्धित वडा कार्यालयहरूमा उपलब्ध गराइनेछ ।
- फाराम तथा टिकट दस्तुर रु.११०।- लाग्नेछ ।
- मासिक शुल्क रु.५००।– लाग्नेछ ।
- निवेदनका साथ नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

# मजदुरहरूबिच कार्ल मार्क्सको २०८ औँ जन्म जयन्ती




भक्तपुर, ३० वैशाख । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा विश्व सर्वहारा वर्गका महान् नेता एवं दार्शनिक कार्ल मार्क्सको २०८ औँ जन्म जयन्तीको अवसरमा बुधबार प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले अध्ययनलाई जोड दिनुपर्ने आवश्यकता औँल्याउँदै पार्टी प्रकाशनहरूबारे अध्ययन र अन्तरक्रिया चलाई जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्नु जरूरी छ भन्नुभयो ।

समाजवाद, सहकारी, समानता, सहकार्य र सामूहिक विचारलाई मार्क्सवादले जोड दिएको उल्लेख गर्दै उहाँले समाजवादी व्यवस्थामा मानवको गर्भदेखि चिहानसम्मको सबै जिम्मेवारी राज्यले लिन्छ भन्नुभयो ।

नेक्रामजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले मजदुरवर्गको उत्थानको लागि मजदुरवर्ग नै जागरूक हुनुपर्ने बताउनुभयो ।

दिनको ८ घण्टा कार्य समय तोकिनु नै मजदुर आन्दोलनको उपलब्धि भएको उल्लेख गर्दै उहाँले मजदुरहरूको हक अधिकारको निम्ति मजदुरहरू एकताबद्ध हुनु जरूरी छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष विष्णुराम दुमरूको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष बिक्रम ढुकुछु र सचिव रमेश दुमरूले पनि बोल्नुभएको थियो ।

# निर्वाचनसम्बन्धी कानुनको मस्यौदामा दलहरूसँग परामर्श, विदेशबाट मतदान र 'नो भोट' बारे मतान्तर

**- प्रकाश सिलवाल**

काठमाडौँ, ३० वैशाख । सरकारले निर्वाचन आयोगमै फिर्ता पठाएको निर्वाचनसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि राजनीतिक दलसँग परामर्श सुरु भएको छ ।

प्रतिनिधिसभाको निर्वाचनपछि गठित सरकारले थप छलफलसहित पुन: पेस गर्न उक्त मस्यौदा विधेयक गत महिना आयोगमा फिर्ता पठाएको थियो । आयोगले २०८० असार १८ गते गृह मन्त्रालयसमक्ष सो विधेयक पेस गरेको थियो । विधेयक तयार पार्न नेपाल सरकार, मन्त्रिपरिषद्को २०७८ पुस १४ गतेको निर्णयबाट सैद्धान्तिक सहमति समेत प्राप्त भएको थियो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले विधेयकको मस्यौदाका विषयमा सङ्घीय र प्रदेश संसद्मा प्रतिनिधित्व गर्ने १४ राजनीतिक दलका प्रतिनिधिसँग मङ्गलबार छलफल गरिएको जानकारी दिनुभयो । छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य डा. रामनारायण ढुङ्गाना, नेपाली कांग्रेसका सहमहामन्त्री योगेन्द्र चौधरी, नेकपा (एमाले)का केन्द्रीय सदस्य नीरज आचार्य, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का केन्द्रीय सदस्य डा. मुक्ति प्रधान, श्रम संस्कृति पार्टीका सहमहामन्त्री समीर तामाङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका सहमहामन्त्री श्यामबहादुर शाही, जनता समाजवादी पार्टी नेपालका महासचिव डा. सुरेन्द्रकुमार झा, नेपाल मजदुर किसान पार्टी सचिव प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्ट, प्रगतिशील लोकतान्त्रिक पार्टीका केन्द्रीय सदस्य रामप्रकाश पुरीलगायत सहभागी थिए ।

रास्वपाका नेता ढुङ्गानाले विदेशमा रहेका नेपालीको मताधिकार सुनिश्चित गरिनुपर्नेमा जोड दिँदै अन्तरजिल्ला मतदाताको प्रबन्ध गर्न आग्रह गर्नुभयो । एमालेका नेता आचार्यले विदेशमा रहेका नेपालीको मताधिकारबारे सैद्धान्तिक रूपमा विरोध नरहे पनि यसबारे विस्तृत अध्ययन गर्नुपर्ने बताउनुभयो । उहाँले 'नो भोट' को प्रबन्ध गर्दा ५० प्रतिशतभन्दा कम मतदाताले अस्वीकार नगरेमा पुन: मतदान या के गर्ने तथा अग्रिम मताधिकारजस्ता विषयमा पार्टीको शीर्ष नेतृत्वसँग राय लिएर आयोगलाई सुझाव दिइने जनाउनुभयो ।

नेकपाका नेता प्रधानले श्रम स्वीकृति लिएर विदेशमा रहेका नेपालीको मात्रै मताधिकार कायम गर्न सकिने राय दिनुभयो । नेमकिपाका सुवालले भने विदेशमा रहेका नेपालीको मताधिकार कायम गर्न नहुने तर्क प्रस्तुत गर्नुभयो । जनमोर्चाका महासचिव भट्टले समानुपातिक निर्वाचन प्रणालीमा मतसीमा (थ्रेसहोल्ड) हटाउन माग गर्नुभयो ।

छलफलमा दलका प्रतिनिधिले केही दिन थप अध्ययनका लागि समय दिन र त्यसपछि आफूहरूले लिखित सुझाव दिने जनाएका छन् । दलहरू र अन्य पक्षबाट आउने सुझावलाई मनन् गरेर थप परिमार्जनसहित छिट्टै सरकारसमक्ष विधेयक पेस गरिने प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।

निर्वाचन व्यवस्थापनलाई अझ बढी स्वच्छ, निष्पक्ष, सहज र प्रभावकारी बनाउन साविकको निर्वाचनसम्बन्धी कानुन परिमार्जन गरी निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण बनेको सो प्रस्तावित विधेयक सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश तथा अन्तर्राष्ट्रिय अभ्यास, विगतका अनुभव तथा सरोकारवालाको पृष्ठपोषणसमेतका आधारमा तयार गरिएको हो । आयोगका अनुसार प्रस्तावित विधेयकमा निर्वाचनसम्बन्धी कानुनको अन्तर्राष्ट्रिय मान्यताअनुसार मतदानको विश्वव्यापी अधिकार, मतदानमा समान अधिकार, मतदानमा प्रत्यक्ष संलग्नता, गोप्य मतदान तथा निर्वाचनमा समान सहभागिताजस्ता विषय समावेश छन् ।

प्रस्तावित विधेयकमा थुप्रै नयाँ व्यवस्था गरिएका छन् । मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्य निर्वाचन कार्यालय वा सम्बन्धित स्थानीय तहमार्फत विद्युतीय माध्यमबाट नियमित रूपमा गर्ने प्रस्ताव गरिएको छ । कुनै पनि नेपाली नागरिकले आफू स्थायी बसोबास गरेको वडाको मतदाता नामावलीमा नाम दर्ता हुनेगरी कुनै पनि निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सक्ने, मतदाता नामावली तयार गर्ने प्रयोजनका लागि विदेशमा रहेका नेपाली नागरिकको विवरण सङ्कलन गर्ने व्यवस्था गरिएको छ ।

यस्तै निर्वाचन हुने दिन र निर्वाचन प्रचारप्रसारको अवधि कानुनमै किटान गर्नुपर्ने, प्रस्तावित विधेयकमा उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी विस्तृत व्यवस्था थप गरी स्पष्ट गरिएको छ । सङ्घीय संसद्, प्रदेशसभा वा स्थानीय तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहको उपनिर्वाचनबाहेक त्यस्तो पदको कार्यकाल पूरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नसक्ने, प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट दुईपटक निर्वाचित भइसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन नसक्ने तथा कुनै एक राजनीतिक दलको सदस्य रहेको व्यक्ति त्यस्तो दलको सदस्य पद त्याग नगरी अर्को राजनीतिक दलको तर्फबाट उम्मेदवार हुन नसक्ने प्रस्ताव गरिएको छ ।

राष्ट्रपति वा उपराष्ट्रपति, सङ्घीय संसद्, प्रदेशसभा सदस्य र स्थानीय तहको सदस्य पदको निर्वाचनमा निर्वाचित कुनै व्यक्तिको अयोग्यता सम्बन्धमा उजुरी परेमा सम्बन्धित अदालतले त्यस्तो मुद्दा छ महिनाभित्र कारबाही र किनारा गर्नुपर्ने, प्रतिनिधिसभा वा प्रदेशसभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दिँदा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी, स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखमध्ये कम्तीमा एक जना महिला उम्मेदवार हुनुपर्ने, एउटा पदमा मात्र उम्मेदवारी दिँदा महिला उम्मेदवार दिनुपर्ने एवं वडाध्यक्षको पदमा उम्मेदवारी दिँदा सम्बन्धित स्थानीय तहका सम्पूर्ण वडाध्यक्षमध्ये कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवारी दिनुपर्ने व्यवस्था गरिएको छ ।

आयोगले विदेशमा रहेका मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई नेपाली कूटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै प्रतिनिधिसभाको समानुपातिकतर्फको निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था मिलाउने, निर्वाचनमा सम्भव भएसम्म स्वदेशी निर्वाचन सामग्री प्रयोग गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । कुनै मतदाताले कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको भनी मतदान गर्न चाहेमा आयोगले त्यस्तो उम्मेदवारलाई समर्थन नरहने गरी मतपत्रमा मतदानको व्यवस्था गर्ने, मतपत्र गणना गर्दा कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको मतसङ्ख्या त्यस्तो निर्वाचनमा मतदान भएको कुल सदर मतको ५० प्रतिशतभन्दा बढी भएमा त्यस्तो निर्वाचन रद्द हुने प्रस्ताव विधेयकमा गरिएको छ । *(रासस)*

**कला...**

श्रेयन अवाल, आलोक कोजु र माउन्ट भ्यालीका अनुक धनुके क्रमश: प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल भयो ।

त्यस्तै आधारभूत विद्यालयस्तरीय (कक्षा १–५) चित्रकला प्रतियोगितामा माउन्ट भ्याली ई. से. स्कूलका इभा मारिखु, सूर्योदय माविका नवयुग सिजखव: र रीया मुस्याख्व क्रमश: प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल भयो ।

त्यस्तै टग अफ वार प्रतियोगितामा श्वेत भैरव साकोस, जेलाँ सांस्कृतिक समाज र लिबाली खुसी बगले बुहारी समूह क्रमश: प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल भयो ।

# राष्ट्रियसभामा नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ

काठमाडौँ, ३० वैशाख । राष्ट्रियसभामा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ भएको छ । सभाको आजको बैठकमा दलीय आधारमा नीति तथा कार्यक्रममाथि छलफल सुरु भएको हो । बैठकमा अध्यक्ष नारायणप्रसाद दाहालले नीति तथा कार्यक्रममाथि १९ जना सदस्यबाट एक संयुक्त संशोधन प्रस्तावसहित आठ वटा संशोधन प्रस्ताव प्राप्त भएको जानकारी दिनुभयो ।

त्यसअघि बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहको तर्फबाट अर्थमन्त्री स्वर्णिम वाग्लेले 'राष्ट्रपतिबाट २०८३ वैशाख २८ गते सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल प्रारम्भ गरियोस्' भन्ने प्रस्ताव राख्नुभयो । *(रासस)*

# एसईईमा सिन्धुपाल्चोकका सात विद्यालयको नतिजा 'ननग्रेडेड'

चौतारा, ३० वैशाख । माध्यमिक शिक्षा परीक्षा (एसइई) मा सिन्धुपाल्चोकका सातवटा सामुदायिक विद्यालयको नतिजा शून्य आएको छ ।

शिक्षा विकास तथा समन्वय एकाइका अनुसार लिसङ्खुपाखर गाउँपालिकास्थित बुद्धोदय मावि, धर्मोदय मावि, चौतारा साँगाचोकगढी नगरपालिकाको वनदेवी मावि चौतारा, बलेफी गाउँपालिकाको वनसाँघु मावि, भोटेकोशी गाउँपालिकाको मार्मिङ मावि र भीमसेन मावि तथा हेलम्बुको हेलम्बु बोधिसत्व मोडल स्कुलमा साधारणतर्फ सबै विद्यार्थी 'ननग्रेडेड' भएका छन् ।

यीमध्ये लिसङ्खुको बुद्धोदय मावि, भोटेकोशीको भीमसेन मावि र हेलम्बुको हेलम्बु बोधिसत्व मोडल स्कुलमा प्राविधिक धारको समेत पठनपाठन हुने गरेको छ । प्राविधिक धारतर्फ भने केही विद्यार्थीमात्र 'ग्रेडेड' भएका थिए । सिन्धुपाल्चोकमा रहेका १२९ सामुदायिक, ११ संस्थागत र तीन खुला विद्यालय गरी जम्मा १४३ विद्यालयले एसइई २०८२ मा सहभागिता जनाएका थिए । *(रासस)*

# कर्णाली प्रदेशको विद्युत् आपूर्ति सहज बनाउन पहल

काठमाडौँ, ३० वैशाख । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले कर्णाली प्रदेशको विद्युत् आपूर्ति सहज बनाउन पहल सुरु गरेको छ । कोहलपुर-सुर्खेत १३२ केभी विद्युत् प्रसारण लाइनअन्तर्गत बाँकेको चिसापानी क्षेत्रमा रहेका दुईवटा १३२ केभी क्षमताका टावर ढलेपछि कर्णाली प्रदेशको विद्युत् आपूर्ति प्रभावित बनेको थियो ।

मन्त्रालयका अनुसार उक्त घटनापछि प्राधिकरणले ग्रिड अप्रेसन प्रमुख रमणराज शर्माको संयोजकत्वमा छानबिन समितिसमेत गठन गरिसकेको छ । प्राधिकरणका अनुसार क्षतिग्रस्त टावर निर्माणको जिम्मा आरएस इन्फ्रा कम्पनीले लिएको थियो । हालको क्षतिमा टावरको फाउन्डेसन नै पुनर्निर्माण गर्नुपर्ने अवस्था देखिएको र मर्मत तथा पुनर्स्थापना गर्न करिब तीन साता लाग्ने अनुमान गरिएको छ ।

१३२ केभी लाइन अवरुद्ध भएपछि कर्णाली प्रदेशमा विद्युत् आपूर्ति सुचारु गर्न वैकल्पिक रूपमा पुरानो ३३ केभी प्रसारण लाइनमार्फत सीमित विद्युत् आपूर्ति सुरु गरिएको छ । तर उक्त लाइनको क्षमता कम भएकाले विद्युत् सेवा प्रभावित भइरहेको बताइएको छ ।

कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन कर्णाली प्रदेशको दीर्घकालीन विद्युत् समस्या समाधान गर्ने लक्ष्यसहित निर्माण गरिएको पूर्वाधार आयोजना हो । *(रासस)*

# जलस्रोतसम्बन्धी नयाँ छाता कानुन ल्याउने सरकारको तयारी

काठमाडौँ, ३० वैशाख । जलस्रोतको व्यवस्थापनलाई सङ्घीय संरचना अनुरूप व्यवस्थित गर्न सरकारले जलस्रोतसम्बन्धी नयाँ छाता कानुन ल्याउने तयारी तीव्र बनाएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले 'जलस्रोत विधेयक २०८३' को मस्यौदा परिमार्जन पूरा गर्दै त्यसलाई स्वीकृतिका लागि अघि बढाउने तयारी गरेको हो ।

हाल कार्यान्वयनमा रहेको जलस्रोत ऐन, २०४९ लाई प्रतिस्थापन गर्ने उद्देश्यसहित तयार गरिएको विधेयकले संविधानले व्यवस्था गरेको सङ्घ, प्रदेश र स्थानीय तहबिचको अधिकार बाँडफाँटलाई कानुनी आधार दिनेछ । नयाँ ऐन जारी भएपछि प्रदेश तथा स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रअनुसार छुट्टै कानुन निर्माण गर्न सक्ने छन् ।

मन्त्रालयका अनुसार विधेयकको मुख्य उद्देश्य जलस्रोतको संरक्षण, बहुआयामिक उपयोग र समुचित विकास सुनिश्चित गर्नु हो । यससँगै जल उत्पन्न विपद् न्यूनीकरण, जलस्रोतको दिगो उपयोग तथा एकीकृत व्यवस्थापनलाई विधेयकले प्राथमिकतामा राखेको छ ।

विधेयकमार्फत जल तथा ऊर्जा आयोगको सचिवालयलाई थप अधिकार सम्पन्न बनाउने प्रस्ताव गरिएको छ । सचिवालयलाई जलस्रोतको नियमन, नीति समन्वय र दीर्घकालीन योजना निर्माण गर्ने प्रमुख निकायका रूपमा विकास गर्ने तयारी गरिएको मन्त्रालयले जनाएको छ । आयोगको विद्यमान कार्यक्षेत्रलाई विस्तार गर्दै थप जिम्मेवारी दिइएको छ ।

मन्त्रालयले ऐनसँगै आवश्यक नियमावली तर्जुमाको काम समानान्तर रूपमा अघि बढाएको छ, ताकि कानुन पारित भएसँगै कार्यान्वयनमा लैजान सहज होस् । सरकारले संसद्को चालु अधिवेशनबाटै विधेयक पारित गर्ने लक्ष्य राखेको छ । त्यसका लागि मस्यौदालाई जेठ पहिलो साताभित्र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेस गर्ने तयारी भइरहेको छ ।

# भक्तपुर नगरपालिकाको एसईई २०८२ को नतिजा

| क्र.सं. | विद्यालयको नाम | जम्मा | 4GPA | 3.60 to ≤4.00 | 3.20 to <3.60 | 2.80 to <3.20 | 2.40 to <2.80 | 2.00 to <2.40 | 1.60 to <2.00 | NG | Graded | Percent |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | पद्म माध्यमिक विद्यालय (सिभिल) | 18 | | 7 | 5 | 6 | | | | 0 | 18 | 100.00 |
| 2 | मेधा माध्यमिक विद्यालय | 101 | 2 | 67 | 30 | 3 | 1 | | | 0 | 101 | 100.00 |
| 3 | सरस्वती विद्यागृह माध्यमिक विद्यालय | 20 | | | 4 | 12 | 3 | | | 1 | 19 | 95.00 |
| 4 | वागीश्वरी माध्यमिक विद्यालय (प्राविधिक) | 31 | | 5 | 10 | 11 | 2 | | | 3 | 28 | 90.32 |
| 5 | वागीश्वरी माध्यमिक विद्यालय (नियमित) | 320 | 1 | 46 | 94 | 94 | 29 | | | 57 | 263 | 82.19 |
| 6 | विद्यार्थी निकेतन माध्यमिक विद्यालय | 11 | | 1 | | 7 | 1 | | | 2 | 9 | 81.82 |
| 7 | बासु माध्यमिक विद्यालय | 77 | | 8 | 19 | 16 | 13 | | | 21 | 56 | 72.73 |
| 8 | गणेश माध्यमिक विद्यालय | 32 | | | 3 | 9 | 8 | | | 12 | 20 | 62.50 |
| 9 | तारा माध्यमिक विद्यालय | 19 | | | 3 | 7 | 2 | | | 7 | 12 | 63.16 |
| 10 | आदर्श आजाद माध्यमिक विद्यालय | 47 | | | 6 | 10 | 7 | 1 | | 23 | 24 | 51.06 |
| 11 | समाज सुधार माध्यमिक विद्यालय | 19 | | | 3 | 7 | 1 | | | 8 | 11 | 57.89 |
| 12 | शारदा माध्यमिक विद्यालय | 20 | | | 1 | 4 | 4 | | | 11 | 9 | 45.00 |
| 13 | जागृति माध्यमिक विद्यालय | 4 | | | | 2 | | | | 2 | 2 | 50.00 |
| 14 | पद्म माध्यमिक विद्यालय (नियमित) | 53 | | 2 | 3 | 7 | 6 | 1 | | 34 | 19 | 35.85 |
| 15 | शान्ति निकेतन माध्यमिक विद्यालय | 29 | | | 1 | 2 | 3 | | | 23 | 6 | 20.69 |
| 16 | होली गार्डेन इङलिस सेकेन्डरी स्कूल | 5 | | 2 | 3 | | | | | 0 | 5 | 100.00 |
| 17 | मिनर्वा इङलिस सेकेन्डरी स्कूल | 46 | | 19 | 20 | 6 | 1 | | | 0 | 46 | 100.00 |
| 18 | सूर्यविनायक इङलिस स्कूल | 20 | | 4 | 6 | 10 | | | | 0 | 20 | 100.00 |
| 19 | बाल बिकास इङलिस सेकेन्डरी स्कूल | 56 | | 20 | 28 | 8 | | | | 0 | 56 | 100.00 |
| 20 | लनर्स एकेडेमी | 28 | | 12 | 12 | 4 | | | | 0 | 28 | 100.00 |
| 21 | सैनिक आवसीय महाविद्यालय | 331 | 4 | 140 | 136 | 48 | 5 | | | 2 | 329 | 99.40 |
| 22 | एभरेष्ट इङलिस स्कूल | 116 | 1 | 34 | 64 | 15 | 1 | | | 2 | 114 | 98.28 |
| 23 | महेन्द्र विद्या आश्रम | 62 | 1 | 28 | 16 | 14 | 3 | | | 1 | 61 | 98.39 |
| 24 | प्रभात इङलिस सेकेन्डरी स्कूल | 55 | | 5 | 16 | 27 | 5 | | | 2 | 53 | 96.36 |
| 25 | ब्राइट स्टार इङलिस सेकेन्डरी स्कूल | 27 | | 6 | 13 | 6 | 1 | | | 1 | 26 | 96.30 |
| 26 | साइनिङ्ग स्टुडेन्टस् इङलिस स्कूल | 23 | | 1 | 11 | 9 | 1 | | | 1 | 22 | 95.65 |
| 27 | मनकामना इङलिस सेकेन्डरी स्कूल | 41 | | 7 | 21 | 9 | 2 | | | 2 | 39 | 95.12 |
| 28 | भक्तपुर मोर्डन इङलिस स्कूल | 71 | | 19 | 29 | 16 | 3 | | | 4 | 67 | 94.37 |
| 29 | ख्वप्रिङ्ग इङलिस एकेडेमी | 52 | | 11 | 24 | 13 | 1 | | | 3 | 49 | 94.23 |
| 30 | राजर्षी गुरुकूल | 49 | | 23 | 15 | 8 | | | | 3 | 46 | 93.88 |
| 31 | विद्या आर्जन इङलिस सेकेन्डरी स्कूल | 16 | | 1 | 6 | 7 | 1 | | | 1 | 15 | 93.75 |
| 32 | माउन्ट भ्याली इङलिस सेकेन्डरी स्कूल | 31 | | 4 | 16 | 7 | 2 | | | 2 | 29 | 93.55 |
| 33 | पारागन एकेडेमी | 46 | | 9 | 21 | 12 | 1 | | | 3 | 43 | 93.48 |
| 34 | जेन्युइन इङलिस सेकेन्डरी स्कूल | 102 | 1 | 27 | 44 | 22 | 2 | | | 7 | 95 | 93.14 |
| 35 | विद्या विकास इङलिस सेकेन्डरी स्कूल | 54 | | 7 | 25 | 13 | 4 | | | 5 | 49 | 90.74 |
| 36 | न्यातापोल इङलिस सेकेन्डरी स्कूल | 47 | | 5 | 15 | 18 | 4 | | | 5 | 42 | 89.36 |
| 37 | प्रोवेश एकेडेमी इङलिस सेकेन्डरी स्कूल | 9 | | 3 | 1 | 4 | | | | 1 | 8 | 88.89 |
| 38 | सनसाइन नेसनल इङलिस स्कूल | 17 | | 2 | 7 | 4 | 2 | | | 2 | 15 | 88.24 |
| 39 | अक्सफोर्ड प्राक्टिकल इङलिस स्कूल | 37 | | 6 | 12 | 12 | 2 | | | 5 | 32 | 86.49 |
| 40 | भक्तपुर रोम्बस इङलिस सेकेन्डरी स्कूल | 44 | | 1 | 12 | 22 | 3 | | | 6 | 38 | 86.36 |
| 41 | इस्ट प्वाइन्ट इङलिस सेकेन्डरी स्कूल | 14 | | 1 | 4 | 5 | 2 | | | 2 | 12 | 85.71 |
| 42 | द राइजिङ्ग इङलिस सेकेन्डरी स्कूल | 13 | | | 7 | 4 | | | | 2 | 11 | 84.62 |
| 43 | लिटिल वर्ल्ड इङलिस स्कूल | 31 | | 4 | 8 | 8 | 6 | | | 5 | 26 | 83.87 |
| 44 | लिशा इङलिस सेकेन्डरी स्कूल | 15 | | 2 | 6 | 3 | 2 | | | 2 | 13 | 86.67 |
| 45 | सूर्योदय इङलिस सेकेन्डरी स्कूल | 20 | | 1 | 7 | 4 | 4 | | | 4 | 16 | 80.00 |
| 46 | गोल्डेन गेट इङलिस सेकेन्डरी स्कूल | 24 | 1 | 8 | 8 | 3 | 1 | | | 4 | 20 | 83.33 |
| 47 | डेमोस इङलिस सेकेन्डरी स्कूल | 17 | | 7 | 2 | 2 | 2 | | | 4 | 13 | 76.47 |
| 48 | क्रियटिभ इङलिस सेकेन्डरी स्कूल | 25 | | 2 | 4 | 8 | 4 | | | 7 | 18 | 72.00 |
| 49 | ग्लिटर फ्युचर इङलिस स्कूल | 15 | | 3 | 3 | 3 | 2 | | | 4 | 11 | 73.33 |
| 50 | सेकरिड् हाट् एकेडेमी | 33 | | 4 | 6 | 12 | 2 | | | 9 | 24 | 72.73 |
| 51 | जेसीज इङलिस स्कूल | 29 | | 6 | 8 | 6 | 1 | | | 8 | 21 | 72.41 |
| 52 | वाइज ल्यान्ड सेकेन्डरी स्कूल | 16 | | 1 | 7 | 3 | | | | 5 | 11 | 68.75 |
| 53 | फ्युचर स्टार इङलिस सेकेन्डरी स्कूल | 9 | | 1 | 1 | 4 | | | | 3 | 6 | 66.67 |
| 54 | ज्ञान तारा इङलिस सेकेन्डरी स्कूल | 6 | | | 1 | 2 | 1 | | | 2 | 4 | 66.67 |
| 55 | समता शिक्षा निकेतन | 47 | | 1 | 9 | 16 | 5 | | | 16 | 31 | 65.96 |
| 56 | हिमालयन ग्लोरी इङलिस स्कूल | 19 | | 3 | 4 | 3 | 1 | | | 8 | 11 | 57.89 |
| 57 | प्रोक्सिमा इन्टरनेसनल एकेडेमी | 18 | | 4 | | 4 | 1 | | | 9 | 9 | 50.00 |
| 58 | जेनिथ इङलिस स्कूल | 10 | | 1 | 2 | 1 | | | | 6 | 4 | 40.00 |
| | जम्मा | 2547 | 11 | 581 | 842 | 602 | 158 | 2 | 0 | 362 | 2185 | 85.79 |

| विद्यालयको प्रकार | जम्मा | 4GPA | 3.60 to ≤4.00 | 3.20 to <3.60 | 2.80 to <3.20 | 2.40 to <2.80 | 2.00 to <2.40 | 1.60 to <2.00 | NG | Graded | Percent |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय (1-15) | 801 | 3 | 136 | 182 | 197 | 80 | 2 | 0 | 204 | 597 | 74.53 |
| संस्थागत विद्यालय (16-58) | 1746 | 8 | 445 | 660 | 405 | 78 | 0 | 0 | 158 | 1588 | 90.95 |
| जम्मा | 2547 | 11 | 581 | 842 | 602 | 158 | 2 | 0 | 362 | 2185 | 85.79 |

*स्रोत: शिक्षा शाखा, भक्तपुर नगरपालिका*

। सम्पादकीय ।

# संसद् अवरुद्ध : प्रमको राजीनामा माग

आर्थिक वर्ष ०८३/८४ को सरकारी नीति तथा कार्यक्रम सोमबार सार्वजनिक भयो । उक्त नीति तथा कार्यक्रममाथि छलफल गर्न बुधबार संसद्को बैठक बस्यो । संसद्को प्रारम्भमै बैठक अवरूद्ध भयो । विपक्षी दलका कति सांसदहरूले प्रधानमन्त्रीको राजीनामा माग गरे भने कति सांसद प्रमको समुपस्थितिबिना संसद् चल्न नदिने अडानमा रहे । सांसदहरूले संवैधानिक पदको सम्मान गर्न र संसदीय परम्परालाई कमजोर नबनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गरे । सभामुख डीपी अर्यालले सांसदहरूलाई आसनमा बसेर सभा सञ्चालन गर्न बारम्बार अनुरोध गरे पनि सांसदहरू उभेर विरोध जनाइरहे । विपक्षी दलका सांसदहरूको भनाइ सभामुखले आत्मसात नगरेपछि श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ बैठक छोडेर बाहिर गए । विपक्षी दलका सांसदहरूले सरकारको कार्य शैलीमाथि प्रश्न उठाउँदै सुकुमवासीको उठीवास, ट्रेड युनियन र संसद् छलेर ल्याएको अध्यादेश खारेजको माग गर ी संसद्मा उभेर विरोध जनाए । विपक्षी दलका सांसदहरूको विरोधको कारण बैठक वैशाख ३१ गतेको लागि स्थगित गरियो ।

संसद् छलेर अध्यादेशबाट शासन चलाउने सरकारको स्वेच्छाचारिता र सीमा सुरक्षा गर्न नसक्ने सरकारको आलोचना भइरहेको बेला संसद्मा सांसदले उठाएका जनताका मागप्रति बेवास्ता गर्ने प्रमको मर्यादाहीन व्यवहारले विपक्षी दलका सांसदहरूले विरोध गरेका कारण संसद् अवरूद्ध भयो । संसद् अवरुद्ध भएको कारण नीति तथा कार्यक्रम संशोधनको लागि पेस गरिएको प्रस्तावबारे बैठकमा छलफल हुन सकिएन । यतिबेला माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुन्छ कि हुँदैन, हुन्छ भने कहिलेदेखि लागू हुन्छ ? सङ्कटग्रस्त सहकारी बचत फिर्ता गरिने सरकारको नीति व्यवहारमा लागू हुन्छ कि हुँदैन ? हुन्छ भने त्यो प्रक्रिया कहिलेदेखि लागु हुन्छ ? सरकारले ढुङ्गा, गिटी, बालुवाको अवैध उत्खनन नियन्त्रण गर्छ कि गर्दैन ? सरकारले कुन कुन विषयमा संविधान संशोधन गर्न लागेको हो ? आदि विषय अहिले छलफलको विषय बनेको छ । हालै चर्चामा रहेको कालापानी, लिपुलेक, लिम्पियाधुरा नेपालकै भूमि कायम गर्न कूटनीतिक पहल गर्नुपर्ने विषयमा पनि सरकारको ध्यान जानुपर्ने कुरा उठेको छ ।

सरकारले १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य के पूरा गर्ला ? करदाता मैत्री प्रणाली निर्माण गर्ने घोषणा कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने प्रश्न पनि उठेको छ । सरकारले सार्वजनिक गर्ने अधिकांश नीति तथा कार्यक्रम महत्त्वाकाङ्क्षी हुन्छ र कागजमा मात्र सीमित हुन्छ । सांसदहरूको सुझावअनुसार नीति तथा कार्यक्रमका कमी कमजोरी सरकारले सुधार गर्छ या विगतमा झैँ जो जति कराए पनि कसैको टेरपुच्छर नगरी पारित गर्ने हो, त्यो हेर्न बाँकी छ । एकातिर सरकारको नीति तथा कार्यक्रम प्रभावकारी छैन भने अर्कोतिर प्रतिबद्धताअनुसार व्यवहारमा लागू हुन्छ कि हुँदैन भन्ने शङ्का छ । अर्थविद्हरूका अनुसार सरकारको नीति तथा कार्यक्रम दिशाहीन छ; कुनै उल्लेखनीय काम हुने सङ्केत छैन ।

हरेक सरकारको नीति तथा कार्यक्रममा आशाको पोको हुन्छ । तर, त्यो आशाको पोको जनताले उपयोग गर्न पाउँदैनन् । विगतमा भागबन्डा या गठबन्धनको कारण स्थिर सरकार नहुनाले पनि सरकारले बुनेको योजना पूरा गर्न नसकेको हो । कार्यक्रम जनता केन्द्रित छैन भने जनताले कसरी राहतको अनुभूति गर्लान् ? बहुमत जनतालाई राहत नहुने यो नीति श्रमजीवीवर्गको पक्षमा होइन पुँजीपतिवर्गकै पक्षपोषणमा रहेको छ । स्वास्थ्य बीमाबारे पनि सरकारको प्रस्ट दृष्टिकोण देखिएको छैन । स्वास्थ्य बीमाअन्तर्गत अस्पताललाई दिनुपर्ने रकमबारे सरकार मौन देखिएको छ । देशको सीमा सुरक्षा गर्ने, अतिक्रमित भूमि फिर्ता लिने, अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीत भारतले एकतर्फी रूपमा बनाएका बाँध तथा तटबन्ध भत्काउने जस्ता देश र जनताका सवालमा सरकारले पाइला चालेको देखिँदैन । सारमा, झन्डै दुईतिहाइ मत प्राप्त यो सरकारसँग विकासको खाका नभएको थाहा हुन्छ । यो सरकारले देश बुझेको छैन; जनताको समस्या बुझेको छैन । जनताको दु:ख सुख बुझेर, जनतामाझ गएर बनेको दल होइन रास्वपा । जनतासँग नभिजेको, जनताको दु:ख नबुझेको र जनताको समस्यै थाहा नभएको यो सरकारले बहुमत जनताको हित हुने नीति तथा कार्यक्रम पूरा गर्ला भन्ने आशा कसरी गर्नु !

# स्वच्छ निर्वाचन : कानुनमा उल्लेखअनुसार भएको छैन

✍ **प्रज्ज्वल**

निर्वाचन आयोगले निर्वाचन व्यवस्थापन ऐन, २०८० विधेयकबारे २०८३ वैशाख २९ गते निर्वाचन आयोगको सभाकक्षमा दलहरूसँग छलफल भयो । यो विधेयक अघिल्ला शासक दलको मस्यौदा हो ।

यो विधेयकको प्रस्तावनामा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, सहभागितामूलक बनाउने उल्लेख छ । निर्दलीय पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्था पुन:स्थापनाको ३५ वर्षयता भएका निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वसनीय नभएका उदाहरण धेरै छन् ।

पञ्चायती प्रधानमन्त्री सूर्यबहादुर थापाको पालामा सम्पन्न २०३७ सालको बहुदल र सुधारिएको पञ्चायती व्यवस्थाबिच भएको जनमतसङ्ग्रहमा पञ्चायतलाई जिताउन पञ्च नेता नवराज सुवेदीले आफ्नो पुस्तक 'इतिहासको एक कालखण्ड' मा एक मारवाडीसँग नागरिकता दिने, सर्पको छाला निर्यात गराउने र काठमाडौँमा खाद्यान्नको उद्योग खोल्न दिने सहमतिसहित करोडौँ रुपैयाँ लिएको उल्लेख गरेका छन् ।

एमालेका प्रम मनमोहन अधिकारीविरुद्ध २०५१/५२ सालमा संसद्मा पेस भएको अविश्वासको प्रस्ताव असफल गराउन एमाले नेताहरूले नेकाका सांसदहरूलाई खरिद गर्न २ करोड रुपैयाँ पठाएको एक पत्रकारले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

नेकाको माधिवेशनमा सुशील कोइरालालाई जिताउन राष्ट्रपति रामवरण यादवले भारतका राष्ट्रपति प्रणव मुखर्जीलाई फोन गरी पैसा मागेको पत्रकार देवप्रकाश त्रिपाठीले आफ्नो पुस्तक 'तुषाणल' मा उल्लेख गरेका छन् ।

तत्कालीन माओवादीका पुष्पकमल दाहाल र बाबुराम भट्टराईले आफूहरूलाई १० वर्षको सशस्त्र द्वन्द्व र शान्ति प्रक्रिया हुँदै चुनाव र सरकारसम्म पुग्न भारतीय सरकार र नेताहरूको सहयोग प्राप्त भएको बताएको समाचार नेपाली सञ्चारमाध्यममा प्रकाशन भएको थियो ।

**फागुन २१ को निर्वाचनमा स्वच्छतामाथि प्रश्न**

३५ वर्षयता नेका, एमाले, माओवादी नेतृत्वमा पालैपालो सरकारहरू गठन भए । यस्ता सरकारमा राप्रपा र पछिल्लो समय रास्वपासमेत उपप्रधानमन्त्री बने । पछिल्लो पटक नेकाको समर्थनमा बनेको एमालेका केपी ओली सरकारले निजामती कर्मचारीसमेत सुरक्षा निकायका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग (गुप्तचर) को विश्वास प्राप्त गर्न सकेन । २०८२ भदौ २३ र २४ गतेको जेनजीको शान्तिपूर्ण प्रदर्शनमा आईआरआई, एनईडी, बारबरा फाउन्डेसन, अमेरिकी युवा परिषद्, अमेरिकी चेम्बर अफ कमर्स, तिब्बती शुद्ध रगत (TOB), तिब्बतीको लागि विद्यार्थी आदि अमेरिकी डलरबाट सञ्चालित संस्थाहरू आबद्ध व्यक्तिहरूको घुसपैठ भएको तत्कालीन सरकारले अनुमान गर्न नसकेको सार्वजनिक भयो ।

निर्वाचन सरकारले २०८२ असोज ५ गते गठन गरेको छानबिन आयोगमा नेपाल प्रहरीका अधिकारीहरूको बयानअनुसार भदौ २३ र २४ गते घुसपैठ भएकाहरूले भाला, रड, झम्पल, खुकुरी, गुलेली, घन, बेल्चा, पेट्रोल बमसहित ढुङ्गामुढा र आगजनी गरेका थिए । लागूपदार्थ र मादक पदार्थ सेवन गरेका, लुटेरा, आपराधिक पृष्ठभूमिका, जेल बसेर निस्केका, मनोरोगी, प्रहरीको भगौडा, गुण्डाहरू ४० वर्षमाथिकाले 'राजा आऊ देश बचाऊ' नारा लगाई देशभरि आगजनी गरेका थिए । त्यतिबेला नेपाली सेना र सशस्त्रबाट नेपाल प्रहरीलाई सहयोग भएन ।

यही पृष्ठभूमिमा भएको २०८२ फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनबारे वरिष्ठ पत्रकार अनिल गिरीले प्रधानसेनापतिले एक लाख नेपाली सेनामध्ये असी हजार परिचालन गरी रास्वपालाई दुईतिहाइको नजिक जिताउने र बालेनलाई प्रम बनाएको तर सिंहदरबार आगजनी नरोकेको बताए । यसकारण, यो विधेयकको प्रस्तावनामा स्वच्छ, निष्पक्ष, विश्वसनीय निर्वाचन उल्लेख गरिए पनि जनता विश्वस्त हुने अवस्था छैनन् ।

**निर्वाचन आयोगको अनुगमन खोइ ?**

गैरआवासीय नेपाली सङ्घले वैदेशिक रोजगारीमा गएका र अध्ययनमा गएकाहरूलाई रास्वपाको चुनाव चिह्न घण्टीमा मत नहाले काम नपाइने, घर पैसा पठाउन नसक्ने, घरसमेत नफर्कनेलगायत विषय राखी घरघरमा फोन गराएको र दबाब दिएको पनि सार्वजनिक भइरहेको छ । कतिपय मतदान केन्द्र र मतगणना स्थलमा उम्मेदवार र उम्मेदवारका प्रतिनिधि एवम् नेपाली सञ्चारमाध्यमका प्रतिनिधिहरूलाई प्रवेश निषेध गराइयो तर विदेशी सञ्चारमाध्यमका प्रतिनिधिहरूलाई बेरोकटोक प्रवेश गराइयो । यसले निर्वाचन सरकारको संयन्त्र चुनावमा विदेशीले भनेअनुसार लागेको पुष्टि हुन्छ ।

मौन अवधिमा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरू बीबीसी, सीएनएन, राइटर्स, डी. डब्लु., न्युयोर्क टाइम्स, भारतीय सञ्चारमाध्यमलगायतले भदौ २३ र २४ गतेको आन्दोलनलाई रास्वपाको पक्षमा हुने गरी डकुमेन्ट्री बनाएर प्रचार गरे अर्थात् प्रविधिमैत्रीको नाममा नयाँ पुस्तामा डिजिटल आतङ्क फैलाए । कतिपय मतदान केन्द्रमा रास्वपाका प्रतिनिधिसमेत थिएनन् । निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षा निकायसमेत रास्वपाको प्रतिनिधिको भूमिकामा देखिएको सार्वजनिक भयो । यसकारण, फागुन २१ गतेको चुनावको प्रायोजित मतपरिणाम रास्वपाको पक्षमा देखियो । आयोगले यसको अनुगमन किन गरेन ?

नेका, एमाले, माओवादी, राप्रपा र रास्वपासमेत सहभागी अघिल्ला सरकारहरूले देश र जनताको समस्या समाधान गर्न सकेनन् । भदौ २३ को हत्या र भदौ २४ गतेको देशभरि आगजनीलगायत उपद्रवबारे तत्कालीन नेका र एमालेको ओली सरकारले पूर्वानुमानसमेत गर्न सकेन ।

आयोगले मस्यौदा गरेको विधेयकमा सोऱ्ह वर्ष उमेर भएका नेपाली नागरिकको नाम मतदाता नामावलीको लागि सङ्कलन हुने तर मतदानको अघिल्लो दिनसम्म अठार वर्ष पुगेकाले मात्र मतदान गर्न पाउने प्रावधान यथावत राखिएको छ । सोऱ्ह वर्ष पुगेका नागरिकलाई मतदानको अधिकार हुनु आवश्यक छ, किनभने सोऱ्ह वर्षकाले रोजगारी पाउने नेपालको कानुनी व्यवस्था हो । मतदाता स्थानीय पालिकामा स्थायी बसोबास गरेको हुनुपर्नेमा अघिल्ला सरकारहरूले भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको नाममा ७३ लाख जनसङ्ख्याभित्रका लाखौँलाई देशभरिबाट मतदाता नामावली दोहोरिने गरी समावेश किन गराइयो ? यसका दोषीहरूलाई आयोगबाट कारबाही किन भएन ?

निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीहरू तटस्थ हुनुपर्ने हुँदा उनीहरूलाई अस्थायी मतदाताको नाममा समानुपातिक निर्वाचनमा मत हाल्न दिनु स्वच्छ चुनाव हुनेछैन ।

विधेयकमा राष्ट्रपति, उपराष्ट्रपतिको पदावधि सकिने तीन दिनअघि, प्रतिनिधिसभा सदस्य, राष्ट्रियसभाको सदस्य पदावधि सकिने महिना दिनअघि स्थानीय तहका प्रमुख उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पदावधि समाप्त पन्ध्र दिनअघि निर्वाचन हुने व्यवस्था गरिएको छ । प्रतिनिधिसभा र प्रदेशसभा विघटन भएमा तोकिएको मितिमा निर्वाचन हुने उल्लेख छ ।

**विदेशबाट मतदान विदेशीसँगै हस्तक्षेप बढ्ने**

विधेयकमा निर्वाचन हुने नब्बे दिन अघिदेखि अन्तिम परिणाम नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिने उल्लेख छ । निर्वाचन प्रचारप्रसारको लागि राष्ट्रपति वा उपराष्ट्रपति, राष्ट्रियसभा सदस्यको चुनावमा सात दिन, प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य, स्थानीय तहको सदस्य चुनावमा पन्ध्र दिन राखिएको छ । प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन क्षेत्र ठुलो हुने हुँदा यसको लागि तीस दिन प्रचारको समयावधि राख्नु उपयुक्त हुनेछ ।

उम्मेदवारको अयोग्यतामा भ्रष्टाचार मुद्दामा सुरु अदालतबाट भ्रष्टाचार ठहर भई पुनरावेदनको रोहमा मुद्दा विचाराधीन रहेको, मानव बेचबिखन, जबरजस्ती करणीलगायत नैतिक पतनको फौजदारी कसुरमा सजाय पाएको, कुनै कसुरमा बीस वर्ष वा सोभन्दा बढी सजाय पाएका, जातीय छुवाछुत, बोक्साबोक्सी, बहुविवाहमा बीस वर्षभन्दा बढी सजाय भुक्तान गरेको मितिले ६ वर्ष पूरा नभएको उल्लेख छ ।

यसमा अदालतको फैसलाअनुसार फौजदारी मुद्दामा कसुर ठहरिएका उम्मेदवार हुन अयोग्य हुने प्रावधान जरुरी छ । उम्मेदवारको नाममा वा पार्टीको नाममा बैङ्क खाता र निर्वाचन खर्च सञ्चालन गर्न सकिने प्रावधान जरुरी छ । उम्मेदवारले चन्दा उठाउनेभन्दा पार्टीको रसिदमा चन्दा उठाउने व्यवस्था उपयुक्त हुनेछ ।

उम्मेदवारी धरौटी राष्ट्रपति वा उपराष्ट्रपतिको लागि पचास हजार, राष्ट्रियसभा सदस्यको लागि चालीस हजार, प्रतिनिधिसभा सदस्य प्रत्यक्ष उम्मेदवारलाई चालीस हजार र समानुपातिक प्रणालीमा दुई लाख, प्रदेशसभा सदस्य प्रत्यक्षतर्फ तीस हजार, समानुपातिकमा दुई लाख, स्थानीय तहको वडा सदस्य एक हजार, वडा अध्यक्ष दस हजार, अध्यक्ष पन्ध्र हजार, उपाध्यक्ष बाह्र हजार, प्रमुख पच्चीस हजार, उपप्रमुख बीस हजार, महानपा वा उपमहानपाका प्रमुख चालीस हजार, महानपा वा उपमहानपाका उपप्रमुख पच्चीस हजार, महिला, दलित, अपाङ्गता भएका व्यक्तिलाई पचास प्रतिशत छुट हुने विधेयकमा व्यवस्था छ ।

राष्ट्रपति र उपराष्ट्रपति उम्मेदवारको लागि प्रस्तावक र समर्थक ३-३ जना र अन्य पदको लागि १-१ जना प्रस्तावक समर्थक हुनुपर्ने विधेयकमा प्रावधान राखिएको छ ।

महिला उम्मेदवार प्रतिनिधिसभा, प्रदेशसभा, वडाध्यक्ष पदमा ३३ प्रतिशत हुनुपर्ने प्रावधान विधेयकमा राखिएको छ भने स्थानीय तहको प्रमुख वा उपप्रमुखमध्ये एक हुने प्रावधान छ ।

उम्मेदवारको आफू र आफ्नो परिवारको सम्पत्ति विवरण पेस गर्नुपर्ने र सो विवरण गोप्य हुने उल्लेख छ । यसमा सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था उपयुक्त हुनेछ ।

विधेयकमा निर्दलीय पञ्चायती व्यवस्थाउन्मुख प्रावधान समानुपातिकतर्फ निर्वाचित हुन प्रतिनिधिसभामा सदर मतको तीन प्रतिशत र प्रदेशसभामा एक दशमलव पाँच प्रतिशत मत प्राप्त गर्नुपर्ने व्यवस्था राखिएको छ । समानुपातिकमा प्रतिनिधित्व गराउन नसकिएमा धरौटी जफत हुने प्रावधान छ । दलमाथि प्रतिबन्ध जस्तैको मतसीमा हटाउनु जरुरी छ ।

विधेयकमा विदेशमा रहेका मतदाताले प्रतिनिधिसभाको समानुपातिक निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था गरिएको हुँदा स्वच्छ निर्वाचन नहुने र अन्तत: देशमा विदेशी हस्तक्षेप बढ्ने छ । नेपालीलाई देशभित्र रोजगारीको व्यवस्था भएमा विदेशमा रहेका नेपालीलाई मतदान गराउने व्यवस्था जरुरी हुने छैन ।

विधेयकमा कुनै पनि उम्मेदवारलाई मत नदिने प्रावधान मतपत्रमा राखिने र यस्तो मत पचास प्रतिशत बढी भएमा निर्वाचन रद्द हुने र पुन: निर्वाचन हुने प्रावधान राखिएको छ । यो विधेयक ऐन बनेमा निर्वाचनसम्बन्धी ७ ओटा विधेयक खारेज हुने र निर्वाचन ऐनका केही दफा खारेज हुनेछ ।

*२०८३ वैशाख २८ गते*

# रुसमा नाजीवादविरुद्ध विजय दिवस

✍ सिल्भाना सोलानो

दोस्रो विश्वयुद्धको अन्त्य आधुनिक इतिहासको ठूलो मोड थियो। रुसलगायत पूर्व सोभियत गणराज्यहरूमा मे ९ गतेलाई धुमधाम मनाइन्छ। यस दिनलाई विजय दिवस भनिन्छ। सन् १९४५ मा यही दिन नाजी जर्मनीले सोभियत रुससामु आत्मसमर्पण गरेको थियो।

यो दिनमा किन उत्सव मनाइन्छ ? आखिर के भएको थियो त्यो दिन ? यति बुझेपछि मात्र युरेसियाभरिका करोडौँ जनताको साझा विगतलाई बुझ्न सकिन्छ; आजको भूराजनीतिलाई राम्ररी केलाउन सकिन्छ।

रुसीहरूलाई मे ९ गतेलाई महान् देशभक्तिपूर्ण युद्ध टुङ्गिएको दिन भन्छन्। दोस्रो विश्वयुद्धको बेला पूर्वी मोर्चामा भएको युद्ध त्यही दिन टुंगिएको थियो।

पूर्वी मोर्चामा ठूलो जीउधनको विनाश भएको थियो। धेरै परिवारहरूका लागि मे ९ सरकारी बिदा मात्र होइन। यो आफ्ना पुर्खाहरूलाई सम्झिने अत्यन्त पवित्र दिन पनि हो। ती पुर्खाहरूले एक यस्तो सङ्घर्ष गरेका थिए, जसले २० औं शताब्दीलाई नै नयाँ आकार दियो।



यो दिन विशाल सैन्य परेड र सार्वजनिक भेलाहरू हुन्छन्। भुइँतहका मानिसहरूले दोस्रो विश्वयुद्धका योद्धाहरूका पराक्रमका गाथा गाउँछन्। यो अभियान आजभोलि झन्झन् बढिरहेको पाइन्छ।

**१९४५ मे : आत्मसमर्पणका दुई कथा**

पश्चिमी मोर्चा र पूर्वी मोर्चामा विजय दिवस अलग मितिमा मनाइन्छ। १९४५ मे ७ को दिन मित्र राष्ट्रहरूसमक्ष फ्रान्सको राइम्समा नि:सर्त आत्मसमर्पण गर्ने प्रारम्भिक काम भयो।

तर, सोभियत नेता जोसेफ स्तालिनले अन्तिम आत्मसमर्पण बर्लिनमा, नाजी सत्ताको मुटुमै गर्नुपर्नेमा जोड दिनुभयो। युरोपको स्थल युद्धको सबैभन्दा ठूलो मार सोभियत सङ्घले भोगेको हुनाले औपचारिक समारोह जर्मनीको राजधानी बर्लिनमा गर्नुपर्ने सोभियत तर्क थियो।

दोस्रो निर्णायक हस्ताक्षर १९४५ मे ९ को रात बर्लिननजिकै कार्लशोर्स्टमा रहेको सैन्य भवनमा भयो। दस्तावेजमा जर्मनीको हाइकमान्डको तर्फबाट फिल्ड मार्शल विल्हेल्म काइटेलले हस्ताक्षर गरे भने सोभियत सङ्घको तर्फबाट मार्शल ज्योर्जी झुकोभले गर्नुभयो।

हस्ताक्षर भएपछि मात्र युद्धविराम कार्यान्वयनमा आएको थियो। त्यो बेलासम्म मस्कोमा मध्यरात भइसकेको थियो। खबर लन्डन र न्युयोर्कमा पुग्दा मे ८ गते नै थियो। यसरी सोभियत सङ्घमा मे ९ गते बिहानीपख मात्र विजयको आधिकारिक घोषणा गरिएको थियो।

सोभियत कोणबाट हेर्दा यो घटनाको अत्यन्त ठूलो महत्त्व थियो। निकै रक्तपातपूर्ण र विशाल सैन्य अभियान चलाएपछि १९४५ मे महिनासम्ममा लालसेनाले बर्लिन कब्जा गरेको थियो। पूर्वी मोर्चामा दोस्रो विश्वयुद्धका सबैभन्दा घमासान लडाइँहरू भएका थिए। स्तालिनग्राद र कुर्स्कमा भएका लडाइँले जर्मन सेनाको ढाड भाँचेको थियो। पूर्वी मोर्चामै अधिकांश जर्मन सैनिक मारिएको विषयमा सबैजसो इतिहासकार सहमत छन्। यसले गर्दा 'महान् देशभक्तिपूर्ण युद्ध' को अन्त्य गर्न बर्लिनमा भएको आत्मसमर्पण प्रतीकात्मक मात्र होइन, व्यवहारिक आवश्यकता पनि थियो।

**सोभियत सङ्घभन्दा बढी बाँचेको विजय दिवस**

सन् १९९१ मा सोभियत सङ्घको विघटन भयो। तर, विजय दिवस बाँचिरह्यो। यो आफैमा अचम्मको सामाजिक घटना हो। रुसमा सोभियत युगका धेरै बिदाहरू हटाइएको छ। तर, रुस र उसका छिमेकी देशहरूमा मे ९ को महत्त्व झन् बढेर गयो।

पूर्व सोभियत गणराज्यहरूका अधिकांश परिवारका लागि विजय दिवस अति नै मूल्यवान छ। किनभने, यो दिवस उनीहरू युद्धमा मारिने, घाइते हुने र विस्थापित हुने मानिसहरूको सामूहिक सम्झना गर्ने घडी हो।

यो सम्झनालाई बचाउन धेरै अभियान चलाइएको छ। 'अजम्बरी पल्टन' एक यस्तै अभियान हो। यो शताब्दीको पहिलो दशकमा लाखौं सर्वसाधारणले आआफ्ना सहर बजारमा पैदल जुलुस गरेर यो अभियान थालेका थिए। उनीहरूले युद्धमा सेवा गरेका आफ्ना आ-आफन्तका ठूल्ठुला तस्बिरहरू लिएर जुलुसमा भाग लिएका थिए।

आफ्ना नातागोता र चर्चित व्यक्तित्वहरूका तस्बिर लिएर बिदा मनाउन आउने यी सर्वसाधारणले नयाँ पुस्तालाई पनि इतिहासको कखरा पढाइरहेका छन्। सोभियत सङ्घ भोग्न नपाएका युवाहरूका लागि पनि विजय दिवस सान्दर्भिक बन्दै छ। धेरैका लागि विजय दिवस ऐतिहासिक भाइचाराको दुर्लभ दिन हो; विवादरहित नैतिक स्पष्टताको दिन हो; र हो जातिसंहारको खतराविरुद्ध मानवताको विजय।

**युरोपको भड्काउने विचार र सेन्सर**

२१ औं शताब्दीमा नयाँ भूराजनीतिक तनाव देखापर्दै छ। मे ९ को विषयमा युरोपले अलग्गै विचार राख्न थालेको छ। जर्मनीमा यसलाई 'मुक्ति दिवस' को रूपमा मनाइन्छ। जर्मनीको आधिकारिक विचार यस्तो छ - 'मित्र राष्ट्रहरूले नाजी शासनलाई परास्त गरेर जर्मन जनतालाई मुक्त गरेको थियो; त्यो मुक्ति आवश्यक थियो।'

यो विचार गम्भीर छ। यसमा राष्ट्रिय पश्चाताप छ; सैन्य उपलब्धिभन्दा नाजी अत्याचार 'होलोकस्ट' का पीडितहरूप्रति दुखेसो छ। हालैका वर्षहरूमा जर्मन सहरहरूमा सोभियत विजयप्रति कसैले सद्भाव जनाउँछ भने उसले कडा नियम पालन गर्नुपर्छ। राजनीतिक तनाव कम गर्न कडा नियमहरू बनाइएका छन्।

पूर्वी र मध्य युरोपका अन्य क्षेत्रमा अझ ठाडो बन्देज (सेन्सर) देखिँदै छ। पोल्यान्ड, युक्रेन वा बाल्टिक क्षेत्रका कतिपय मुलुकले आफूलाई मे ९ बाट टाढा राख्ने नीति अपनाइरहेका छन्।

यो प्रक्रियालाई 'कम्युनिस्टकरणबाट मुक्ति' भनिँदै छ। यी क्षेत्रका सरकारहरूले सोभियत युगका स्मारक भत्काउँदै छन्; लालझन्डा र सेन्ट जर्जको रिबनजस्ता कतिपय प्रतीक चिन्हमा प्रतिबन्ध लगाउँदै छन्।

यस्तो बदलावले मे ९ को स्मृतिमा तानातानको स्थिति पैदा गरेको छ। एउटा पक्षले यसलाई फासिवादको पराजयसँग जोडेर उत्सव मनाउँदै छ भने अर्को पक्षले यसलाई भूराजनीतिक नियन्त्रणको अर्कै युगको प्रतीकको रूपमा प्रचार गर्दै छ।

**जनधारणा निर्माणमा पश्चिमा फिल्मको भूमिका**

दोस्रो विश्वयुद्धको विषयमा जनताको धारणा निर्माण गर्न पश्चिमा फिल्मले ठूलो भूमिका खेलेका छन्। धेरै वर्षसम्म हलिउडको फिल्म उद्योगले पश्चिमी मोर्चामा केन्द्रित भएर धेरै फिल्म बनायो। पश्चिमी मोर्चा नै दोस्रो विश्वयुद्धको प्रमुख मोर्चा थियो भन्ने झूटो प्रचारप्रसार गऱ्यो।

'सेभिङ प्राइभेट रायन', 'डनकर्क' र 'ब्यान्ड अफ ब्रदर्श' जस्ता ठूला फिल्महरू त्यो युद्धको इतिहास पढाउने प्रारम्भिक साधन नै बने। यी फिल्मले यथार्थपरक प्रविधिका कारण धेरै नाम कमाए। यिनमा अमेरिकी र बेलायती सैन्य कारबाही देखाइएको छ। जस्तो, फ्रान्सको नोरमेन्डीमा अमेरिकी र बेलायती सेना अवतरण गरेको दृश्य वास्तविक लाग्छन्। तर, यी फिल्ममा पूर्वी मोर्चाको विषयमा केही पनि देखाइन्न।

जनमत सर्वेक्षणहरू यी फिल्मको सांस्कृतिक प्रभाव स्पष्ट देखिन्छ। सन् २०१५ मा एक अध्ययन संस्थानले फ्रान्समा दोस्रो विश्वयुद्धबारे सर्वेक्षण गरेको थियो। यसबाट जनताको ऐतिहासिक दृष्टिकोण बदलिएको पाइयो। सन् १९४५ मा फ्रान्सका बहुसङ्ख्यक जनताले नाजी जर्मनीको पराजयमा सोभियत सङ्घको निर्णायक भूमिका रहेको मान्ये।

पश्चिमा फिल्महरूको बाढी आएपछि अधिकांश फ्रान्सेली उत्तरदाताले युद्धमा संरा अमेरिकाले निर्णायक भूमिका खेलेको बताए। फिल्मको यो 'सौम्य शक्ति' ले मान्छेको ध्यान पूर्वी मोर्चाबाट टाढा लग्यो। जबकि पूर्वी मोर्चामै अधिकांश जर्मन सेना मारिएका थिए, जसले गर्दा पश्चिम युरोप मुक्त भएको थियो।

यस बदलावबारे प्राज्ञिक अध्ययन भएका छन्, प्रचुर दस्तावेज पनि छन्। ती प्रमाणले के देखाएका छन् भने अमेरिकी रक्षा मन्त्रालय 'पेन्टागन र हलिउडको साँठगाँठ' काकताली होइन। रक्षा मन्त्रालयको एउटा विभाग छ - मनोरञ्जन सञ्चार कार्यालय। यस विभागले रक्षा मन्त्रालयले चाहेको विशेष भाष्य निर्माण गर्न सघाउने फिल्महरूलाई उपकरण र आर्थिक सहायता गर्छ।

'बेलायती-अमेरिकी योद्धा' मा जोड दिएर र सोभियत भूमिकालाई ओझेल पारेर फिल्म उद्योगले इतिहासको अलग्गै संस्करण तयार पारेका छन्। झट्ट हेर्दा यी फिल्म विवादरहित देखिन्छन्। तर, यिनले वर्तमान भूराजनीतिक गुटबन्दीलाई टेवा दिँदै छन्।

यो नियोजित अभियानका कारण मे ९ को उत्सवमा नयाँ सांस्कृतिक माहोल देखापरेको छ। फासिवादविरुद्ध साझा विजयको दिनभन्दा फरक मे ९ आजभोलि पराइ वा विशुद्ध राजनीतिक घटना बनेको छ।

**इतिहास र स्मृतिको मिलन**

मे ९ गते अझै पनि बहसमा छ। करोडौं जनताका लागि यो आज पनि ऐतिहासिक न्याय भएको सङ्गीन घडी हो; नाजी विचारधारालाई फैलावलाई रोक्न ठूलो बलिदानी गरेका मानिसहरूलाई सम्मान गर्ने दिन हो।

मे ९ विश्व इतिहासकै सबभन्दा विध्वंसकारी युद्धलाई टुङ्ग्याउने सैन्य विजय हासिल गरेको दिन हो। यो दिन पूर्वका धेरै राष्ट्रहरूको सामूहिक पहिचान पनि हो।

माथि पनि चर्चा भयो, आज यो विजयको स्मृतिमाथि धेरैतिरको दबाब छ। कुनै बेला मुक्तिको प्रतीक मानिएका कतिपय चिन्ह र स्मारकलाई युरोपमा पछिल्लोपल्ट विकसित भएको घटनाक्रमका कारण हटाइँदै र भत्काइँदै छ।

सारा विश्वले हेर्ने पश्चिमा फिल्म उद्योगले विश्वयुद्धको भाष्यमा ठूलो हेरफेर ल्याएको छ। यसले गर्दा आज मे ९ को विजय उत्सवमा गहिरो वैचारिक तनाव देख्न सकिन्छ।


मे ९ शान्तिका लागि ठूलो मूल्य चुकाइएको परम्पराको सम्झना हो। तर, गलत भाष्यहरूले आज त्यो मूल्यबारे हाम्रो सामूहिक स्मृतिलाई नयाँ आकार दिँदै छन्।

*(स्रोत : एमआर अनलाइन। सम्यक)*

# सामाजिक सञ्जालको प्रभाव : अवसर र चुनौती

● सुनिता गाइसी

आजको आधुनिक युगमा सामाजिक सञ्जाल मानव जीवनको महत्त्वपूर्ण भाग बनेको छ। फेसबुक, इन्स्टाग्राम, टिकटकजस्ता सामाजिक सञ्जालहरू विश्वभर अत्यधिक प्रयोग भइरहेका छन्। मानिसहरूले सूचना आदानप्रदान गर्न, साथीभाइ तथा आफन्तसँग सम्पर्क राख्न, अध्ययन गर्न र मनोरञ्जन लिन सामाजिक सञ्जालको प्रयोग गर्छन्। अहिले धेरैजसो घरमा जति सदस्य हुन्छन्, त्यति नै मोबाइल फोन, ट्याब वा अन्य डिजिटल उपकरण देख्न सकिन्छ। सामाजिक सञ्जालले समाजमा सकारात्मक तथा नकारात्मक दुवै प्रकारको प्रभाव पारेको छ।



सामाजिक सञ्जालको सकारात्मक प्रभावमध्ये सबैभन्दा महत्त्वपूर्ण प्रभाव सहज सञ्चार हो। मानिसहरूले संसारको जुनसुकै ठाउँमा बसेर पनि छिटो सन्देश पठाउन, भिडियो कल गर्न तथा सूचना आदानप्रदान गर्न सक्छन्। विपद् तथा आपत्कालीन अवस्थामा सामाजिक सञ्जालले सूचना छिटो फैलाउन मद्दत गर्छ। विद्यार्थी तथा अनुसन्धानकर्ताहरूका लागि पनि सामाजिक सञ्जाल निकै उपयोगी बनेको छ। अनलाइन कक्षा, अध्ययन सामग्री, अनुसन्धान लेख तथा शैक्षिक भिडियो सजिलै प्राप्त गर्न सकिन्छ। धेरै विद्यार्थीहरूले रिसर्च गेट र गुगलस्कलर जस्ता माध्यमबाट अध्ययन तथा अनुसन्धान गर्ने गरेका छन्। विशेष गरी कोभिड-१९ महामारीपछि अनलाइन शिक्षा र डिजिटल सिकाइको महत्त्व अझ बढेको छ। त्यसैगरी सामाजिक सञ्जालले व्यवसाय र रोजगारीको अवसर पनि सिर्जना गरेको छ। साना व्यवसायीहरूले आफ्ना सामान तथा सेवाको प्रचार सामाजिक सञ्जालमार्फत गर्न थालेका छन्। धेरै युवाहरू डिजिटल मार्केटिङ, सामग्री निर्माण, फ्रिलान्सिङ तथा अनलाइन व्यवसायबाट आम्दानी गरिरहेका छन्। सामाजिक सञ्जालले नयाँ सीप सिक्न तथा विश्वव्यापी जानकारी प्राप्त गर्न पनि मद्दत पुऱ्याएको छ।

तर, सामाजिक सञ्जालको अत्यधिक प्रयोगले समाजमा विभिन्न नकारात्मक प्रभाव पारेको छ। सबैभन्दा ठूलो समस्या सामाजिक सम्बन्ध कमजोर हुनु हो। परिवारका सदस्यहरू एकअर्कासँग प्रत्यक्ष कुराकानी गर्नुको सट्टा मोबाइलमै व्यस्त रहने प्रवृत्ति बढेको छ। धेरै घरमा बुबा, आमा, श्रीमान्, श्रीमती र बालबालिका एउटै कोठामा बसे पनि सबै आ-आफ्नो मोबाइल चलाइरहेका हुन्छन्। यसले पारिवारिक आत्मीयता र भावनात्मक सम्बन्ध कमजोर बनाएको छ। विशेष गरी श्रीमान् श्रीमतीबिचको सम्बन्धमा पनि सामाजिक सञ्जालले नकारात्मक असर पारेको देखिन्छ। अत्यधिक मोबाइल प्रयोगका कारण एकअर्कालाई समय नदिने, विश्वासको कमी हुने, अनावश्यक शङ्का पैदा हुने तथा झगडा बढ्ने समस्या देखिएको छ। कतिपय परिवारमा सामाजिक सञ्जालका कारण पारिवारिक विवाद, सम्बन्ध विच्छेद तथा मानसिक तनावसमेत बढेको पाइन्छ।

सामाजिक सञ्जालका कारण सामाजिक अपराध पनि बढ्दै गएको छ। साइबर अपराध, अनलाइन ठगी, ह्याकिङ, नक्कली खाता, ब्ल्याकमेल तथा साइबर बुलिङजस्ता समस्या दिनप्रतिदिन बढिरहेका छन्। विशेष गरी किशोर-किशोरीहरू गलत सामग्री, अनलाइन लत तथा नकारात्मक प्रभावको सिकार भइरहेका छन्। कतिपय व्यक्तिहरू सामाजिक सञ्जालमार्फत आर्थिक ठगी तथा अफवाहको सिकार बन्ने गरेका छन्।

त्यसैगरी अत्यधिक सामाजिक सञ्जाल प्रयोगले मानसिक स्वास्थ्यमा पनि असर पार्छ। यस्तै गरी विद्यार्थीहरू भिडियो, गेम तथा मनोरञ्जनमा बढी समय बिताउँदा अध्ययनमा ध्यान केन्द्रित गर्न कठिन हुन्छ।

धेरै मानिसहरू अरूसँग आफ्नो जीवन तुलना गरेर तनाव, चिन्ता, एक्लोपन तथा डिप्रेसनको सिकार बन्न सक्छन्। कतिपयले त अनलाइन गेमको चक्करमा आफ्नो घरखेत नै गुमाएका छन्। थोरै समयको मनोरञ्जनका लागि आफ्नो महत्त्वपूर्ण समय र प्रतिष्ठा गुमाएका उदाहरणहरू पनि प्रशस्तै छन्।

कतिपय अभिभावकहरू बच्चाले घरमा धेरै समय मोबाइल हेरेको गुनासो गर्छन् तर बच्चाकै अगाडि आफू मोबाइलमा समय बिताएको भुल्दछन्। त्यसैले हामीले गर्ने क्रियाकलापले आफ्ना बालबालिकामा कस्तो असर पर्छ भनी अब लेखाजोखा गर्नु आवश्यक छ। सामाजिक सञ्जाल आधुनिक समाजको महत्त्वपूर्ण माध्यम भए पनि यसको सही र सन्तुलित प्रयोग आवश्यक छ। यसले शिक्षा, अनुसन्धान, सञ्चार तथा व्यवसायमा सकारात्मक योगदान पुऱ्याएको छ भने अर्कोतर्फ पारिवारिक सम्बन्ध कमजोर बनाउने, सामाजिक अपराध बढाउने तथा मानसिक समस्या सिर्जना गर्ने काम पनि गरेको छ। त्यसैले सामाजिक सञ्जालको प्रयोग गर्दा समयको उचित व्यवस्थापन गर्दै वास्तविक सामाजिक सम्बन्धलाई पनि महत्त्व दिनुपर्छ।



प्यालेस्टिनको वेस्ट ब्याङ्कस्थित रमल्लाह सहरमा ७८ औं वार्षिक नक्बा दिवसको अवसरमा प्रदर्शन गर्दै प्यालेस्टिनी जनता मे १२, २०२६ का दिन । सन् १९४८ को मे १५ का दिन बेलायत र संरा अमेरिकाको सहायतामा इजरायली सेनाले प्यालेस्टिनी सहर र गाउँमा गरेको नरसंहार र निष्काशनको सम्झनामा प्यालेस्टिनीहरूले हरेक वर्ष नक्बा डे मनाइरहेका छन् । *तस्बिर : आयमन नोबानी/सिन्ह्वा*

# इरान युद्धमा अमेरिकाको खर्च झन्डै १० खर्ब डलर

वासिङ्टन, १३ मे (एएनआई) । इरानविरुद्ध अमेरिकाले सञ्चालन गरिरहेको सैन्य अभियानको लागत तीव्र गतिमा बढ्दै गएको छ । पेन्टागनले हालसम्म करिब २९ अर्ब अमेरिकी डलर खर्च भएको स्वीकार गरे पनि विज्ञहरूले वास्तविक खर्च त्यसको धेरै गुणा बढी भइसकेको दाबी गरेका छन् । दीर्घकालीन सैनिक खर्च, दिग्गज सैनिकहरूको स्वास्थ्य सेवा, क्षतिग्रस्त सैन्य संरचनाको पुनर्निर्माण तथा नयाँ हतियार उत्पादनको लागत जोड्दा यो युद्धले अमेरिकालाई अन्ततः १० खर्ब अमेरिकी डलरसम्म आर्थिक भार पार्न सक्ने चेतावनी दिइएको छ ।

पेन्टागनका वरिष्ठ बजेट अधिकारी जे हर्स्टले मङ्गलबार अमेरिकी सांसदहरूसामु गवाही दिँदै इरानविरुद्धको सैन्य अभियानमा हालसम्म २९ अर्ब अमेरिकी डलर खर्च भइसकेको जानकारी दिनुभयो । यसअघि पेन्टागनले अमेरिकी कङ्ग्रेसलाई करिब २५ अर्ब अमेरिकी डलर खर्च हुने अनुमान दिएको थियो । तर, पछिल्ला परिचालन खर्च, उपकरण मर्मत तथा सैन्य सामग्री प्रतिस्थापनको लागत बढेपछि अनुमान पुनः संशोधन गरिएको हो ।

हर्स्टका अनुसार युद्ध क्षेत्रमा सैनिक तैनाथ राख्न लाग्ने दैनिक खर्च, क्षतिग्रस्त उपकरणको मर्मत, मिसाइल प्रणालीको पुनःस्थापना र सैन्य तयारीलाई कायम राख्नुपर्ने अवस्थाले खर्च उल्लेखनीय रूपमा बढाएको छ । उहाँले अमेरिकी सिनेटको एप्रोप्रिएसन उपसमितिको सुनुवाइमा अहिलेको २९ अर्ब डलरको अनुमानमा मध्यपूर्वस्थित अमेरिकी सैन्य अड्डाहरूमा पुगेको क्षतिको लागतसमेत समावेश नभएको स्पष्ट पार्नुभयो ।

"यस क्षेत्रका सैन्य अड्डामा पुगेको क्षतिको पूर्ण मूल्याङ्कन अझै गरिएको छैन," हर्स्टले भन्नुभयो ।

अमेरिकी सञ्चारमाध्यम सिएनएनका अनुसार पेन्टागनभित्र गरिएका आन्तरिक मूल्याङ्कनहरूले युद्धको वास्तविक लागत अझै धेरै माथि पुग्ने सङ्केत दिएका छन् । क्षतिग्रस्त पूर्वाधार पुनर्निर्माण, सैन्य सम्पत्तिको प्रतिस्थापन तथा अतिरिक्त सैन्य तयारीको हिसाब गर्दा खर्च ४० अर्बदेखि ५० अर्ब अमेरिकी डलरसम्म पुग्न सक्ने अनुमान गरिएको छ ।

यद्यपि हार्वर्ड केनेडी स्कुलले हालै सार्वजनिक गरेको अनुसन्धानले भने स्थिति अझ गम्भीर हुन सक्ने देखाएको छ । युद्ध बजेट विशेषज्ञ लिन्डा बिल्मेसले इरान युद्धको कुल लागत अन्ततः १० खर्ब अमेरिकी डलरसम्म पुग्ने दाबी गर्नुभएको छ । उहाँका अनुसार अहिले सार्वजनिक गरिएको खर्च वास्तविक युद्ध लागतको सानो हिस्सा मात्र हो, आगामी वर्षहरूमा यसको आर्थिक भार अझ धेरै बढ्नेछ ।

बिल्मेसले छोटो अवधिको प्रत्यक्ष सैन्य खर्च मात्रै प्रतिदिन करिब दुई अर्ब अमेरिकी डलर पुगिरहेको बताउनुभयो । यसमा मिसाइल प्रहार, अवरोधक प्रणाली सञ्चालन, विमानवाहक युद्ध समूहको परिचालन, सैनिकहरूको युद्ध भत्ता, उपकरण मर्मत तथा क्षतिग्रस्त सैन्य सामग्रीको प्रतिस्थापन समावेश रहेको उहाँले उल्लेख गर्नुभयो । अनुसन्धान प्रतिवेदनअनुसार युद्ध सुरु भएको प्रारम्भिक केही दिनमै अमेरिकाले कम्तीमा १६ अर्ब अमेरिकी डलर बराबरको सैन्य सामग्री प्रयोग गरिसकेको थियो । महँगा मिसाइल प्रणालीको तीव्र प्रयोग र उच्च परिचालन लागतका कारण यो खर्च पेन्टागनको प्रारम्भिक अनुमानभन्दा धेरै माथि पुगेको हो ।

बिल्मेसका अनुसार अमेरिकाले इरान युद्धको पहिलो चार दिनमै पछिल्ला चार वर्षमा युक्रेनलाई उपलब्ध गराएको भन्दा बढी प्याट्रियट मिसाइल प्रहार गरेको थियो । उहाँले अमेरिकी सैन्य भण्डार तीव्र गतिमा खाली हुँदै गएको र तिनको पुनःउत्पादन अहिलेको बजार मूल्यमा अत्यन्त महँगो पर्ने बताउनुभयो ।

उहाँका अनुसार अमेरिकी सूचीमा रहेका टोमहाक मिसाइलहरूको पुरानो मूल्य करिब २० लाख अमेरिकी डलर भए पनि अहिले त्यही मिसाइल पुनःउत्पादन गर्न ३० लाखदेखि ३५ लाख अमेरिकी डलरसम्म खर्च लाग्छ । त्यसैगरी, प्याट्रियट मिसाइलको पुरानो लागत १० लाखदेखि २० लाख अमेरिकी डलर रहे पनि नयाँ संस्करणहरूको मूल्य प्रतिगोटा ४० लाखदेखि ५० लाख अमेरिकी डलरसम्म पुगेको छ । इन्धन, सैन्य उपकरण र अन्य आपूर्तिमा पनि यस्तै मूल्यवृद्धि देखिएको उहाँले बताउनुभयो ।

बिल्मेसले युद्धका कारण अमेरिकी रक्षा उद्योगलाई ठूलो आर्थिक अवसरसमेत सिर्जना भएको उल्लेख गर्नुभयो । लकहिड मार्टिन र बोइङजस्ता रक्षा कम्पनीहरूसँग मिसाइल तथा अवरोधक प्रणाली उत्पादन बढाउन ठूला सम्झौताहरू भइरहेका छन् । साथै मध्यपूर्वस्थित अमेरिकी सैन्य अड्डाहरूको पुनर्निर्माण र सुरक्षामा थप अर्बौं डलर खर्च हुन सक्ने बताइएको छ ।

विशेषज्ञहरूले दीर्घकालीन आर्थिक असर अझ गम्भीर हुन सक्ने चेतावनी दिएका छन् । युद्धमा सहभागी हजारौं अमेरिकी सैनिकहरू भविष्यमा स्वास्थ्य समस्या, अशक्तता तथा मानसिक आघातबाट प्रभावित हुन सक्ने भएकाले उनीहरूको उपचार र सेवा-सुविधामा पनि ठूलो रकम खर्च हुनसक्ने अनुमान गरिएको छ । विशेषगरी पीएसीटी ऐनअन्तर्गत दिग्गज सैनिकहरूको स्वास्थ्य सेवा खर्च आगामी दशकहरूमा बढ्दै जाने बताइएको छ ।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## आदर निकेतन सञ्चालनको लागि आवश्यक जनशक्ति सेवा करारमा लिनेसम्बन्धी सूचना

**प्रकाशित मिति : २०८३/०१/३१ गते**

भ.न.पा. वडा नं. ६ मा रहेको आदर निकेतन सञ्चालनको लागि देहायबमोजिमको जनशक्ति सेवा करारमा लिनुपर्ने भएको हुँदा योग्य तथा इच्छुक नेपाली नागरिकहरू (१८ वर्ष पूरा भई महिला ४५ वर्ष ननाघेका र पुरुष ३५ वर्ष ननाघेका) ले यो सूचना प्रकाशित मितिले १५ दिनभित्र आफ्नो Bio Data, नागरिकताको प्रतिलिपि र शैक्षिक प्रमाणपत्रको प्रतिलिपिसहित भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी आएको दर्खास्तउपर कारबाही हुनेछैन । विस्तृत जानकारीको लागि भ.न.पा.को प्रशासन शाखा तथा सम्पर्क नं. ६६१३९५७ मा सम्पर्क गर्नुहोला ।

| क्र.सं. | पद | सङ्ख्या | शैक्षिक योग्यता | आवेदन दस्तुर |
|---|---|---|---|---|
| १. | सहायकस्तर पाँचौं तह | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह /+2 उत्तीर्ण (ज्येष्ठ नागरिक हेरचाहसम्बन्धी तालिम लिएको) | रु.३००।- |
| २. | ज्येष्ठ नागरिक हेरचाहकर्ता | २ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी/एस.ई.ई उत्तीर्ण (ज्येष्ठ नागरिक हेरचाहसम्बन्धी तालिम लिएको) | रु.२००।- |
| ३. | ड्राइभर (हलुका सवारी चालक) | १ जना | साधारण लेखपढ (लाइट सवारी चालक अनुमतिपत्र प्राप्त गरेको) | रु.१००।- |



## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०८३/०१/२० का दिन भक्तपुरको नयाँ थिमिदेखि गठ्ठाघर जाने क्रममा मेरो १२ कक्षाको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेटाउनुहुने महानुभावले देहायको मो.नं. वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला ।

**नाम** : सुशील डाँगी
**रजिस्ट्रेसन नं.** : ७२५६१४१६८
**सिम्बोल नं.** : २५६०२०४५
**सिरियल नं** : A 0015101
**सम्पर्क नं.** : ९८२३०१७६६६


## विश्व सङ्क्षेप

# युक्रेनमा रुसी हवाई आक्रमण आठ जनाको मृत्यु, ११ घाइते

किएभ, १३ मे (क्युएनए) । युक्रेनको निप्रोपेट्रोभस्क क्षेत्रमा भएको रुसी आक्रमणमा परि आठ जनाको मृत्यु हुनुका साथै अन्य ११ जना घाइते भएको युक्रेनी अधिकारीहरूले बुधबार बताएका छन् ।

अधिकारीहरूका अनुसार रुसी सेनाले यस क्षेत्रमा करिब ३० वटा हवाई आक्रमण गर्दा उनीहरूको ज्यान गएको छ र अन्य घाइते भएका छन् भने धेरै आवासीय भवन तथा पूर्वाधार सुविधाहरूमा क्षति पुगेको छ ।

यसअघि अधिकारीहरूले रुसी सेनाले निप्रोपेट्रोभस्क क्षेत्रमा ५० वटाभन्दा बढी तोप तथा ड्रोन आक्रमण गर्दा पाँच जना घाइते भएको रिपोर्ट गरेको थियो ।

अनेकौं अन्तर्राष्ट्रिय प्रयासहरूका बिच सन् २०२२ फेब्रुअरीदेखि सुरु भएको रुस-युक्रेन युद्धले हालसम्म कुनै समाधानमा पुग्ने सङ्केत देखाएको छैन भने निरन्तर सैन्य अपरेसनहरू र दुई पक्षहरूबिच आक्रमणको आदान-प्रदान भइरहेको छ ।

# सुडानका ४१ लाख शरणार्थीहरू मूल थलोमा फिर्ता : आईओएम

खार्तुम, १३ मे (क्युएनए) । द्वन्द्वको कारण विस्थापित भएका लगभग ४१ लाख सुडानी नागरिक आफ्नो मूल थात थलोमा फर्केको आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) ले घोषणा गरेको छ ।

सुडानका लागि आइओएमका मिसन प्रमुख मोहम्मद रेफाटले युएन न्यूजलाई सुडानभित्र वा बाहिरबाट मूल थातथलोमा फर्केका व्यक्तिहरूको सङ्ख्यामा निरन्तर वृद्धि भएको पुष्टि गर्नु भएको छ । जसले सुडानको सुधारिएको अवस्थालाई सम्बोधन गर्ने आशाको झलक प्रस्तुत गरेको जनाइएको छ ।

उहाँले फर्केका मानिसहरूको सङ्ख्या ८० प्रतिशतभन्दा बढी रहेको उल्लेख गर्दै उनीहरू सुडान भित्रैबाट र अन्य नौ वटा मुलुकहरूबाट आफ्नो मूल थलोमा फर्केको जनाउनुभएको छ । यो प्रक्रियासहित आन्तरिक विस्थापित व्यक्तिहरूको सङ्ख्या घटेर लगभग एक करोड २० लाख पुगेको जनाइएको छ ।

संयुक्त राष्ट्रसङ्घका अधिकारीले स्वेच्छिक फिर्तीको बढ्दो दरले सुडानी जनताले सुरक्षा स्थितिमा सामान्य सुधार भए तापनि थप आशा राखेर आफ्नो भूमिमा फर्केको जनाएका छन् । फर्केका अधिकांश मानिसहरूले आफ्नो मूल क्षेत्रमा कठोर अवस्थाको सामना गर्नुपर्ने चेतावनी दिएको छ जहाँ चरम विनाश र आधारभूत सेवाहरूको पतन भएको जनाइएको छ ।

खार्तुममा युद्धका कारण करिब ७० प्रतिशत घरहरू आंशिक तथा पूर्ण रूपमा नष्ट भएका छन् भने विस्थापितहरू फर्कने क्षेत्रहरू बिजुली, पानी, स्वास्थ्य र शैक्षिक सेवाहरूको अभावबाट ग्रस्त छन् ।

# दक्षिण भारतमा भारी वर्षाका कारण ६ जनाको मृत्यु

नयाँदिल्ली, १३ मे (सिन्ह्वा) । भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रमा भारी वर्षा र तीव्र हावाको कारण आश्रय लिएको संरचना अचानक ढलेपछि तीन बालबालिकासहित कम्तीमा छ जनाको मृत्यु हुनुका साथै एक दर्जनभन्दा बढी घाइते भएको स्थानीय प्रहरीले बुधबार पुष्टि गरेको छ ।

मङ्गलबार साँझ महाराष्ट्रको साङ्गली जिल्लामा यो घटना भएको प्रहरीले बताएको छ । स्थानीय धार्मिक पर्वको अवसरमा मन्दिर भ्रमण तथा तिर्थ यात्रामा रहेका करिब ३५० जना भक्तहरू प्रकोपका कारण पीडित भएको जनाइएको छ । तेज हावासहित भएको भारी वर्षा सुरु भएपछि उनीहरू ज्यान बचाउन निर्माणाधीन संरचनाभित्र शरण लिएको जनाइएको छ । तीव्र हावाको काराण उक्त संरचनाको टिनको छाना र पर्खाल तिनीहरूमाथि खस्दा दुर्घटना हुनु पुगेको जनाइएको छ । उद्धार टोलीले छ जनाको शवको बरामद गरेको र घाइतेहरूलाई उद्धार गरी स्थानीय अस्पतालमा लगिएको स्थानीय प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उद्धार कार्य सम्पन्न भई सकेको छ ।

# मनसुन जोखिमबिच श्रीलङ्कामा डेङ्गुका घटना बढ्दै : स्वास्थ्य अधिकारी

कोलम्बो, १३ मे (सिन्ह्वा) । श्रीलङ्कामा चालु वर्षको मे महिनासम्म २७ हजार ७५४ डेङ्गुका घटना दर्ता भएको जनाउँदै १४ जनाको डेङ्गु सङ्क्रमणका कारण मृत्यु भएको स्वास्थ्य अधिकारीहरूले पुष्टि गरेका छन् । उनीहरूका अनुसार श्रीलङ्काका २५ वटै जिल्ला सङ्क्रमण फैलिएको छ ।

राष्ट्रिय डेङ्गु नियन्त्रण एकाइले सन् २०२५ को तुलनामा यस वर्षको हालसम्म पुष्टि भएका सङ्क्रमितको सङ्ख्या बढेको बताएको छ । सबैभन्दा धेरै सङ्क्रमण पश्चिमी प्रान्तबाट रिपोर्ट गरिएको छ भने मातारा, गाले, रत्नपुरा, कालुतारा र क्यान्डीमा पनि सन् २०२६ को पहिलो चार महिनामा डेङ्गु सङ्क्रमणको उच्च सङ्ख्या रेकर्ड गरेका छन् ।

राष्ट्रिय डेङ्गु नियन्त्रण एकाईका सामुदायिक चिकित्सा विशेषज्ञ प्रिसिला समरवीराले स्वास्थ्य मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मनसुनको वर्षा सुरु हुँदा सङ्क्रमण अझै बढ्न सक्ने बताउनुभएको छ ।

विद्यालय, कार्यस्थल, धार्मिक संस्था र सरकारी तथा निजी संस्थाहरूमा डेङ्गुका लामखुट्टेको प्रजनन बढेको अधिकारीहरूले बताएका छन् । डेङ्गु रोकथाममा कडा सार्वजनिक सहयोगको आवश्यकतालाई जोड दिँदै फोहोरको उचित व्यवस्थनपनको अभावले संक्रमण दिनानुदिन बढी रहेको जनाइएको छ ।

# जेन- जी आन्दोलन र निर्वाचन

● महेश बल्ल

कुनै कम्पनीले कुनै सामान उत्पादन गर्दो रहेछ । कुनै समयमा उक्त कम्पनीलाई थाहा भयो कि सो सामान कमसल भएकोले बजारमा उक्त सामानप्रति नकारात्मक धारणा छ र उपभोक्ताहरू विकल्प खोजिरहेका छन् । तर, सो कम्पनीको मालिक चलाख परेछ । उसले आफैँ नयाँ कम्पनी खोलेर नयाँ नाममा उत्पादन गरेछ । सो नयाँ नाममा आएको पुरानै सामानप्रति उपभोक्ताहरू आकर्षित भएछन् र सो 'नयाँ' नामधारी पुरानो सामानले अन्य कम्पनीको पनि बजार खोस्न सफल भएछ । यो काल्पनिक कथा आज नेपालको राजनीतिमा चरितार्थ भएको छ । पुराना भनिने सत्ताधारी दलहरूले गरेका भ्रष्टाचार, अनियमितता, कुशासनदेखि वाक्क भइसकेका जनताले विकल्प खोजिरहेको थाहा पाएर ती 'पुराना' दलहरूलाई चलाउने (स्वदेशी तथा) विदेशी शक्ति केन्द्रहरूले 'विकल्प' तयार पारे र 'नयाँ' र 'वैकल्पिक' भनिने दलले नयाँ लहर सिर्जना गर्यो र सो लहरले "कमसल सिक्काले असल सिक्कालाई बजारबाट विस्थापित गर्छ" भन्ने ग्रेसमको नियमझैँ केही असल र हार्नै नहुने दललाई पनि चुनावी राजनीतिमा पराजित गर्यो ।

कुनै एउटा लागूपदार्थ तथा सुन तस्करले लागूपदार्थ तथा सुन तस्करी गर्न भरियाहरू प्रयोग गर्दो रहेछ । सो व्यापारीले एकपटक ठुलो परिमाणमा लागूपदार्थ तथा सुन तस्करी गर्न खोज्यो तर पुराना भरियाहरू प्रहरीको शङ्काको घेरामा परिसकेकोले नयाँ भरिया खोजियो र पुराना भरियाहरूले पनि आफूहरू प्रहरीको शङ्काको घेरामा परिसकेको तथा बोक्नुपर्ने सामान पनि धेरै भएकोले जोखिम उठाउन चाहेनन् । "पुँजीवादले थाकेको घोडा फेर्छ" भनेझैँ ती शक्ति केन्द्रहरूले नयाँ घोडा फेरिसकेको छ र त्यो नयाँ घोडाले विदेशी एजेन्डा अझ प्रभावकारी रूपमा बोक्न सफल भएको छ ।

नेपालका युवा विद्यार्थी नेपालमा व्याप्त कुशासन, भ्रष्टाचार, नातावाद, कृपावाद, दलीय भागबन्डा, पक्षपातदेखि असन्तुष्ट थिए र सो असन्तुष्टि कुनै न कुनै दिन विस्फोट हुने पक्का थियो । २०८२ भदौ २३ गते सोमबारका दिन नेपालका नवयुवा तथा विद्यार्थीहरूले राजधानी काठमाडौँमा विरोध प्रदर्शन आयोजना गरे । सो प्रदर्शनले उग्र रूप लियो सुरक्षा निकायबाट बल प्रयोग हुँदा दुःखद घटना भयो । तर के त्यो विरोध प्रदर्शन नितान्त नेपाली नवयुवा तथा विद्यार्थीहरूले नै गरेका थिए ? वा नेपाली नवयुवा तथा विद्यार्थीहरूमा व्याप्त असन्तुष्टि भजाएर आफ्नो स्वार्थसिद्ध गर्न विदेशी शक्ति केन्द्रहरूले षड्यन्त्र रचेका थिए ? नाकाबन्दी र देशघाती सम्झौताविरुद्ध विदेशी राजदूतावास घेराउ गर्दा तथा विद्यार्थीहरू सडकमा उत्रिँदा विरोध हुन्छ तर भदौ २३ गते किन स्कुले विद्यार्थीहरूलाई विद्यार्थी पोशाकमै आन्दोलनमा आउन आह्वान गरियो ? कतै २४ गतेको पूर्व तयारीको लागि २३ गते पूर्वाभ्यास (Rehersal) होइन ? स्कुले विद्यार्थीहरूको रगत बग्दा जनता आक्रोशित हुने तथ्य बुझेर कतै हाम्रा भाइबहिनीहरूलाई बलिको बोका बनाइएको त होइन ? २४ गते बिहानै नेपालकी पहिलो महिला प्रधानन्यायाधीश सुशीला कार्की अस्पताल पुगेर मृतकका आफन्त र घाइतेहरूप्रति सहानुभूति प्रकट गर्नु र २७ गते उनी नै नेपालको प्रथम महिला सरकार प्रमुख हुनु के संयोगमात्रै थियो ? सुशीला कार्की नेपालको प्रधानमन्त्री हुने कुरा नेपालमा चर्चा चल्नुभन्दा अगाडि नै मराठी टेलिभिजन च्यानल एबीपी माझालाई थाहा हुनु के संयोग मात्रै थियो ? सुशीला कार्कीले आफू बाध्यताले प्रधानमन्त्री बन्नु परेको बताउनुभयो तर त्यो बाध्यता के थियो ? के नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक सरकारी पदमा नियुक्तिका लागि ग्राह्य नहुने कुरा उहाँलाई थाहा थिएन ? खिलराज रेग्मी अन्तरिम चुनावी सरकारको अध्यक्ष हुँदा गलत अनि सुशीला कार्की हुँदा चाहिँ कसरी सही ? निर्वाचित संसद्को बहुमत प्राप्त प्रधानमन्त्रीले संसद् विघटन गर्दा असंवैधानिक अनि अनिर्वाचित चुनावी सरकारको प्रमुखले निर्वाचित प्रतिनिधि सभा विघटन गर्दा सही कसरी हुन्छ ? नेपालमा सरकार गठन हुँदा तिब्बती निर्वासित धर्मगुरु दलाई लामा, तिब्बती निर्वासित सरकार प्रमुख पेन्पा छिरिङ, तिब्बती निर्वासित संसद्का सभामुख खेन्पो सोनाम तेन्फेलबाट इतिहासमै पहिलोपटक शुभकामना सन्देश किन आयो ? जोनाङ ग्याल्त्साब रिन्पोछे नेपाल आउँदा सरकारी स्तरबाट स्वागत भएको कुराको सत्यता के हो ? भदौ २३ र भदौ २४ गतेको घटनामा Tibetan Original Blood (TOB) को संलग्नता स्वतःस्फूर्त थियो कि सुनियोजित ? सो वितण्डापछि उदाएका नयाँ पुस्ताका 'नयाँ नेता' हरूको सम्बन्ध American Youth Council, Students for Free Tibet , Barbara Foundation, Samata Foundation लगायतका संस्थाहरूसँग देखिनुले के सङ्केत गर्छ ? अन्तरिम सरकारमा स्वास्थ्यमन्त्री बनाउन लागिएकी सङ्गीता कौशल मिश्रले "Currently I am from Nepal but I am Natively Indian" भन्दै गरेको भिडियो र टासी ल्हान्जोमको तिब्बतसँगको सम्बन्धको वास्तविकता के हो ? House Foreign Afairs Subcommittee on South and Central Asia Chairman Bill Huizenga ले recent elections in Bangladesh and Nepal present new opportunities for U.S. engagement in South Asia (https://theannapurnaexpress.com/story/62071/) भन्नुले के सङ्केत गर्छ ? नेपालमा निर्वाचन सम्पन्न हुनेबित्तिकै अमेरिकी राजदूतावासले दिएको बधाई सन्देशमा "We look forward to working with the upcoming government on our shared goals of prosperity and security between our two countries." उल्लेख हुनुले के सङ्केत गर्छ ? नेपालमा निर्वाचन हुनुभन्दा महिनौ अगावै भारतको गुप्तचर निकाय Research and Analysis Wings (RAW) सँग सम्बन्धित व्यक्ति लक्की विष्टले सार्वजनिक रूपमा बालेन साह नेपालका आगामी प्रधानमन्त्री हुन लागेको बताउनु के अनुमान मात्रै थियो वा सोहीअनुसारको योजना पनि बन्दै थियो ? सेतोपाटी लगायतका अनलाइन सञ्चारमाध्यमहरूले निर्वाचन सर्वेक्षण गर्दा जहाँ पनि एउटै दलको पक्षमा माहौल देखिनु धरातलीय यथार्थ (Ground Reality) थियो वा नोम चोम्स्कीले Manufacturing Consent भनेझैँ निश्चित परिणाम निकाल्नको लागि सञ्चार माध्यम प्रयोग भएको हो ? के नेपालको भूमि प्रयोग गरी विगतमा खम्पा विद्रोह भएझैँ फेरि नेपालको भूमि छिमेकी मुलुक विरुद्ध प्रयोग हुन लागेको कुरा षड्यन्त्रको सिद्धान्त (Conspiracy Theory) मात्रै हो कि तथ्यमा आधारित अकाट्य सत्य ? पन्ध्रौँ दलाई लामा नेपालमा जन्माएर तिब्बती स्वतन्त्रता आन्दोलनको लागि नेपाललाई केन्द्र बनाउन लागिएको चर्चाको वास्तविकता के हो ? स्वतन्त्र उम्मेदवारी दिएर जितेका एक मेयर चुनाव सकिएको पन्ध्र महिना नबित्दै अमेरिकाबाट प्रकाशित हुने टाइम्स म्यागाजिनको उदीयमान १०० व्यक्ति (Next Hundred) को सूचीमा समावेश हुनुको पछाडि के रहस्य छ ? विगतमा आफूलाई भारतको प्रतिनिधि दाबी गर्ने अमरेश कुमार सिंहले अनलाइन खबरको टीमसँग कुराकानीमा उनले गरेका मुख्य सात चुनावी प्रक्षेपण मिल्नु (https://www.onlinekhabar.com/2026/03/1888021/election-commentary-demolished-by-fresh-public-opinion) काकताली मात्र थियो कि यसमा के जनमत प्रभावित पार्ने केही योजना पहिलेदेखि नै थियो ? नेपालमा भदौ २३ र २४ गते भएको जेनजी विद्रोहमा झण्डै ३४ प्रतिशत अनलाइन संवाद नक्कली एकाउन्ट र एआईमा आधारित सामग्रीबाट फैलाइएको भनी इजरायलको तेलअभिभमा रहेको साइबर इन्टेलिजेन्स कम्पनी सायब्राले गरेको अनुसन्धानबाट निष्कर्ष निस्केको भनी "जेनजी आन्दोलनमा एकतिहाइ 'फेक एकाउन्ट' मान्छे उक्साउन प्रयोग" शीर्षकमा अनलाइन खबरमा प्रकाशित समाचार (https://www.onlinekhabar.com/2025/10/1777160/how-did-cyberwar-take-place-in-the-genji-rebellion) ले के सङ्केत गर्छ ? QUAD, AUKUS जस्ता गठबन्धन र ती गठबन्धनले हिन्द प्रशान्त क्षेत्रमा पार्ने प्रभावका विषयमा हामी कतिको जागरुक छौँ ? यी प्रश्नहरूमा नघोत्लिकन वर्तमान भूराजनीति बुझ्न सकिँदैन ।

अब सुशीला कार्की नेतृत्वको वर्तमान अन्तरिम सरकार सफल भयो कि असफल भन्ने सन्दर्भमा केही चर्चा गरौँ । भदौ २३ र २४ गतेको आन्दोलन वा प्रदर्शन वा विद्रोह वा उपद्रव वा बितण्डा वा जे भनौँ, सो घटनामा निर्दोष नवयुवा तथा विद्यार्थीको चाहना भ्रष्टाचार नियन्त्रण, सुशासनको स्थापना, नातावादको अन्त्य आदि थिए । तर के यी कार्यमा यो सरकार सफल रह्यो ? अन्तरिम सरकारमा तीनवटा शक्तिशाली मन्त्रालय सम्हालेका तत्कालीन मन्त्री कुलमान घिसिङले भारतसँग बिजुली खरिद गर्दा ४३ करोड भ्रष्टाचार गर्न खोजेको र सो कुराको पोल खुलेपछि सम्झौता भङ्ग गरेको, अन्तरिम अर्थमन्त्री रामेश्वरप्रसाद खनालले डोल्मा इम्प्याक्टलाई पुँजीगत लाभकर छुट दिएको कुराले के भ्रष्टाचार नियन्त्रणउन्मुख भएको देखाउँछ ? नेपालकी प्रथम महिला महान्यायाधिवक्ता सविता भण्डारी (जो नेपाली कानुन र न्याय क्षेत्रका भीष्म पितामह मानिने स्वर्गीय वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीकी छोरी हुन्) ले आफ्नै लगानीको संस्थालाई 'क्लिन चिट' (डिम्ब तस्करी प्रकरण), नाबालिग बलात्कारका अभियुक्तलाई उन्मुक्ति (सुशील चटौत प्रकरण) र अदालतमा विचाराधीन मुद्दामा प्रचलित कानुनविपरीत 'सङ्गठित अपराध' अभियोग हटाउने निर्णय गर्नुले (https://ukeraanews.com/news/detail/170040/) सुशासन र विधिको शासन संस्थागत गर्छ ? के अन्तरिम प्रधानमन्त्रीका स्वकीयसचिव आदर्श कुमार श्रेष्ठले प्रधानमन्त्रीको सचिवालयमा परिवारका सदस्य र नातेदारलाई नियुक्त गर्नु र प्रधानमन्त्रीले निजलाई पदमुक्त नगर्नुले नातावादको अन्त्य गर्छ ? यति मात्र होइन यसरी प्रधानमन्त्रीको सचिवालयमा नातेदार जम्मा गरेको कुराको विरोध गर्ने प्रदीप ज्ञवाली, अरुण कटुवाल, आकृति घिमिरेलगायतलाई बर्खास्त गरिएको घटनाका साथै सुशीला कार्कीले प्रधानमन्त्रीको पद छोड्नुअघि आदर्शकुमार श्रेष्ठलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्ष बनाएको र तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याललाई राष्ट्रिय सभा सदस्य पदको लागि सिफारिस गर्नुले के नातावाद र कृपावादविरोधी व्यवहार देखाउँछ ? अन्तरिम सरकारका चारजना मन्त्रीहरू चुनाव गराउनको लागि गठन गरिएको भनिएको 'निर्वाचनमा भाग नलिनेहरूको तटस्थ सरकार' बाट राजीनामा दिँदै चुनाव लड्न हिँड्नु र सो कार्यमा अन्तरिम चुनावी प्रधानमन्त्रीले सरकार गठन हुँदा नै सहमति भइसकेको बताउनुले के नैतिकता देखाउँछ ? विश्वमा अन्य देशहरूमा पनि बौद्धिक व्यक्तिहरूलाई लोकप्रियताको शिखरमा पुर्याई महत्त्वपूर्ण जिम्मेवारीमा पुर्याउने र निजहरूमार्फत आफ्नो स्वार्थ पूरा गर्ने खेल शक्तिशाली राष्ट्रहरूले खेल्ने गरेका छन् । यसरी हेर्दा चुनाव गराउने कुरामा बाहेक अन्य कुरामा नैतिक रूपमा यो सरकार नैतिक रूपमा असफल देखिन्छ ।

के आज जसलाई 'नयाँ' र 'वैकल्पिक' भनिएको छ, ती साँच्चै 'नयाँ' र 'वैकल्पिक' हुन् ? के गठन मिति वा निर्वाचन आयोगमा दर्ता भएको मितिको आधारमा मात्रै 'नयाँ' वा 'पुराना' भनेर छुट्याउने र 'पुराना' भनिने दलहरूलाई गाली गरेकै आधारमा 'वैकल्पिक' मानिदिनुपर्ने हो वा दलको राजनीतिक विचारधारा, सिद्धान्त, विश्व दृष्टिकोण, तद्नुरूपको व्यवहार, कार्यशैली, निष्ठा, इमानदार कार्यान्वयन, सत्ताको लागि मरिमेट्ने परम्परागत अभ्यासको विपरीत नागरिकको आवाजलाई मुखरित गर्ने अभ्यासको निरन्तरताको, दलीय भागबन्डाको विरोध गरी योग्यतालाई प्राथमिकता दिनुपर्ने अडान आदिका आधारमा 'नयाँ' र 'वैकल्पिक' मान्ने हो ? हिजो सत्ता स्वार्थको लागि दुईपटक आफैँले भ्रष्ट भन्ने गरेका 'पुराना' दलहरूसँग गठबन्धन गरी उपप्रधानमन्त्रीसहित गृहमन्त्री र अन्य मन्त्रालयमा भागबन्डामा रमाउनेहरू कसरी "नयाँ" र "वैकल्पिक" भए ? अन्तरिम चुनावी सरकारमा मन्त्री बन्न गई सार्वजनिक पहिचान बनाएर निर्वाचन लड्न जानेहरू कसरी 'नयाँ' भए ? हिजो "हेलिकोप्टर चढेर आउनेहरूलाई मात्र भोट दिनुहोला" भन्नेहरू भन्दा आज "गरिबलाई जिताएर पठाए भ्रष्टाचार गर्छन्" भन्नेहरू कसरी नयाँ भए ? कुनै 'पुरानो' भनिने पार्टीको सभापतिकी पत्नी तथा नेतृले कैलालीमा चुनाव लड्न जाँदा टुरिष्ट उम्मेदवार भनेर प्रचार हुँदा कैलालीमा ३ करोडको घर किन्छिन् र 'नयाँ' भनिने पार्टीका सभापतिले विभिन्न मुद्दामा विभिन्न अदालतमा करोडौँ रूपैयाँ बराबरको जमानत बुझाएर चितवनमा चुनावको मुखमा नयाँ घरमा गृह प्रवेश पूजा गर्छन् भने तिनीहरूबिच के फरक रह्यो ? फरक राजनीतिक दललाई मत दिन्छु भनेकै आधारमा कमल गाउँपालिकामा महिलाहरूमाथि अभद्र व्यवहार गर्ने र सो दृश्य खिच्ने रातोपाटी अनलाइनका पत्रकार अर्जुन आचार्यको मोबाइल खोसी निजलाई निर्घात कुटपिट गर्ने 'पुराना' भन्दा घरदैलोका क्रममा कसैले कार्ड लिन नमान्दा 'क-कसले लिन मान्दैनन्, याद गरौँ है साथीहरू, याद गरौँ...' भनी भोलि सत्तामा आएपछि देखाइदिने आशयमा चेतावनीको भाषा बोल्ने (https://www.onlinekhabar.com/2026/02/1870888/door-to-door-campaign-without-ranju-voters-sought-candidates-not-agendas) हरू कसरी फरक भए ? 'बिना ढेउवाके' विदेश पठाउँछौँ भन्ने, आफ्नो उम्मेदवार जितेमा 'एउटा मान्छेले दिने भनेको कोटामा' आठ दश जना युवाहरूलाई विदेश पठाउँछौँ भन्ने 'पुराना' दल भन्दा 'विदेश जानेहरूलाई सहुलियत ऋण' दिने 'नयाँ' दल कसरी फरक भयो ? 'पुराना' दलले भाटभटेनीको मालिकबाट जग्गा दान लिँदा आलोचनाको विषय बन्दा 'नयाँ' भनिने दलले करेन्ट चाउचाउको मालिकको गाडी चढेर हिँड्दा किन सामान्य विषय बन्छ ? सुरुदेखि सङ्गठनलाई योगदान दिनेहरूलाई लत्याएर अन्य दल छोडेर आउनेबित्तिकै ती नवआगन्तुकहरूलाई उम्मेदवार बनाउनेहरू 'पुराना' भन्दा कसरी 'नयाँ' भए ? 'पुराना' जस्तै धनाढ्यहरू खोजेर सांसद् बनाउनेहरू कसरी 'नयाँ' भए ? के कुनै व्यक्ति 'पुरानो' भनिने दलमा रहँदासम्म गलत, भ्रष्टाचारी हुने अनि नयाँ भनिने दलमा प्रवेश गर्नेबित्तिकै सुनपानीले चोखिने हो ? भनिन्छ -जुन ठाउँमा जनता लोभी हुन्छन्, त्यहाँ ठगहरूको शासन चल्छ । के कुनै चोर नयाँ कपडा लगाएर आउँदैमा उसको चरित्र बदलिन्छ ? चोरी गर्नु गलत हो भन्नेहरूले कतै थाहा नपाउने गरी चोरी गर्नु चाहिँ गलत हो तर हाकाहाकी लुटपाट गर्नु वा ललाईफकाई ठगी गर्नु चाहिँ सही हो भन्दै त छैनन् ?

बर्टोल्त ब्रेख्तको एउटा प्रसिद्ध नाटक रहेछ -ग्यालिलियो । त्यसमा ग्यालिलियोका एक शिष्यले भन्छ - त्यो भूमि अभागी हो, जहाँ कुनै नायक जन्मँदैन । यसको उत्तरमा ग्यालिलियो भन्छन्- त्यो भूमि अभागी हो, जसलाई कुनै नायकको आवश्यकता पर्छ । हामी आज सामूहिक प्रयत्नमा भन्दा कुनै 'नायक' आएर सम्पूर्ण समस्याको समाधान गरिदिन्छ भन्ने अपेक्षा गर्दै छौं । 'नयाँ' भनिनेहरूले कुनै एउटा व्यक्तिको अनुहार देखाएर मत मागेको छ र हामी सोही अनुहार हेरेर मत पनि दियौँ । तर के मान्छेको अनुहार वा लोकप्रियता हेरेर मत दिने हो कि विचार, सिद्धान्त, घोषणापत्र, कार्यशैली, व्यवहार हेरेर मत दिने ? हामी कुनै सामान्य परीक्षाको लागि आवेदन दिन जाँदा आवश्यक कागजातहरू ठीक दुरुस्त रहे नरहेको भनी दस पटक हेर्छौं । सांसद्को उम्मेदवारी दर्ता गर्न जाँदा फारामसमेत भरेर नजाने र आवश्यक कागजातसमेत नलैजाने (https://nepalkhabar.com/politics/263265-2026-1-20-12-51-46) (https://deshsanchar.com/2026/01/21/1140766/) व्यक्तिले भोलि प्रधानमन्त्री हुँदा कसरी व्यवस्थित रूपमा काम गर्न सक्ला ? अघिल्लो दिन नगर प्रमुखको पदबाट राजीनामा दिई प्रतिनिधिसभाको चुनाव लड्न आएको व्यक्तिले आवश्यक जमानतको रकमसमेत नलिई जानुले सो व्यक्तिको राजनीतिक सुझबुझको बारेमा के सङ्केत गर्छ ? नगर प्रमुख हुँदा कुनै सार्वजनिक सुनुवाइमा सहभागी नहुने र कुनै स्वदेशी सञ्चारमाध्यमलाई अन्तर्वार्तासमेत नदिने जनतासँग दूरी बनाउन चाहने, समर्थकहरूलाई घचेट्दै हिँड्ने, जनताको प्रश्नबाट भाग्ने व्यक्तिले सांसद जस्तो सार्वजनिक जवाफदेहिताको पदको मर्यादा कसरी कायम राख्न सक्छ ? काठमाडौँमा कुनै आन्दोलन हुँदा फोहोर गर्यो भनेर सम्बन्धित राजनीति दल तथा आयोजकलाई जरिवाना तोक्ने नगर प्रमुखले भदौ २३ गतेको घटनामा पानी बाँड्न पठाउनु, विध्वंस हुँदा पनि कुनै कारबाही गर्न समेत नखोज्नु र निजले निर्देश गरेबमोजिम नै घटनाक्रम अगाडि बढ्नुले के निजको भूमिका शङ्कास्पद देखाउँदैन र ? भदौ २३ गते बाँडिएको पानीमा नशालु पदार्थ मिसाइएको सूचना आफूले प्राप्त गरेको भनी राजनीतिक विश्लेषक भरत दाहालले गरेको दावीप्रति आँखा चिम्लिन मिल्छ ? सामाजिक सञ्जालमा अपशब्द प्रयोग गरी विभिन्न देश र राजनीतिक दललाई गाली गर्ने व्यक्तिले हिजो जुन दललाई अपशब्द प्रयोग गरी गाली गर्यो आज त्यही दलको तर्फबाट कुन नैतिकताको आधारमा सांसद र प्रधानमन्त्रीको उम्मेदवार बन्न स्वीकार गर्यो ? सिंहदरवार जल्दा र लगत्तै दशैंका समयमा काठमाडौँको भीमसेनस्थानमा आगलागी हुँदा ललितपुर महानगरपालिकाको दमकल पुगेपछि मात्रै काठमाडौँ महानगरपालिकाको दमकल पुग्नुले के काठमाडौँको तत्कालीन मेयरमा जनताप्रतिको माया र जवाफदेहिता देखाउँछ ? ललितपुरको बखुण्डोलस्थित Saskar Fine Dine and Events मा बसेर साथीभाइसँग रक्सी खाँदै सोही दिन मध्यरातमा नेपालका राजनीतिक दल र विदेशी राष्ट्रलाई निम्नस्तरको शब्द प्रयोग गरी गाली गर्ने व्यक्तिबाट के विवेकपूर्ण निर्णयको आशा गर्न सकिन्छ ? एउटै दलको बहुमत वा दुई तिहाइ बहुमत आएमा राजनीतिक स्थिरता हुने जनअपेक्षा स्वाभाविक छ । तर कुनै एउटा दलको बहुमत वा दुईतिहाइ बहुमत आउँदैमा राजनीतिक स्थिरता सुनिश्चित हुँदैन भन्ने कुरा हाम्रो आफ्नै अनुभवले सिद्ध गरिसकेको छ । २०१७ पछिको दुईतिहाइ बहुमतको सरकार, २०४८, २०५६, २०७४ पछिको बहुमतको सरकार पनि त आखिर टिक्न सकेन । आशा गरौँ, यो श्रृङ्खलाको पुनरावृत्ति नहोस् । प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरी चुनावमा गई बहुमतसमेत आइसकेपछि सो पार्टीको उपसभापतिले आफूलाई सो सहमति थाहा नभएको भन्नुले कतै वि. सं. २०५६ मा कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरी चुनावमा बहुमत आइसकेपछि केही महिना प्रधानमन्त्री बनाएर पछि राजीनामा गर्न बाध्य पारिएको घटना दोहोरिने त होइन ? सन् १९७६ मा सिक्किममा एउटै दलले ३२ मध्ये ३१ सीट जितेको परिणाम सिक्किमी जनताले आफ्नो अस्तित्व र स्वतन्त्रता गुमाएर चुकाउनुपर्यो ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

आधारभूत कम्प्युटर तालिमसम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/०१/३१ गते

भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने आधारभूत कम्प्युटर तालिमका लागि नाम दर्ता गराएका आवेदकहरूलाई निम्न मिति, समय र स्थानमा तालिम सञ्चालन हुने भएकोले सम्पूर्ण आवेदकहरू सहभागी भइदिनुहुन अनुरोध छ ।

**मिति** : २०८३ जेठ १ गते, शुक्रबार
**समय** : बिहान ७:३० बजेदेखि/**स्थान** : ख्वप बहुप्राविधिक अध्ययन संस्थान, कमलविनायक र बासु मा.वि., कालीघाट
**समय** : बिहान ५:३० बजेदेखि/**स्थान** : बागीश्वरी मा.वि., च्यामहसिंह


# Hearty Congratulations !

## to SEE Batch 2082 (21st Batch)

GPA 3.60 - 4.00 = 20 | GPA 3.20 - 3.59 = 28 | GPA 2.80 - 3.19 = 8

100% Graded


Highest GPA - 3.91



ANIM CHHUSYABAGA, ANUSKA TAMANG, BAIBID LAXMI BAHALA, ARIKE GALU, KRISHAB KOJU, SHRENEE KASICHHWA, ANITA TAMANG, AARYAN MACHAMASI



ABHISHEK PRADHAN, AGRATA KHADKA, ANGEL BANAMALA, ANJIL THAPA, KISAN NAYAJU, PUNAM SUJAKHU, VEER BANMALA, ADHIRAJ BANMALA



BIGYAN GC, SHREYA NAYAJU, ANUSHKA RANJITKAR, AARON PRAJAPATI, AARBIN NAYAJU, JEENA SUWAL, AAGAMAN PRAJAPATI, AYUSH KHATRI



PRANAYA AALUBANJAR, RYAN AWAL, DENISHA REGMI, SIRA PRAJAPATI, AASHUTOSH THAPA, DHARMENDRA SHAHI, LUNIV SUWAL, RUBINA SHRESTHA



RIJAN GHORSAINE, RASKIN CHHUSYAKHI, KRIJON DHUKUCHHU, SAMAN CHHUSYABAGA, BIKESH TAMANG, NITESH BANMALA, RAJEL PRAJAPATI, NIRJALA LAMA



ISHAN NAKHAN, SWARNIM TUITUI, MOHIT RAJ GOSAI, SAURAV KARMACHARYA, SPARSH SHRESTHA, JOSHAN KHADKA, JESSICA DHAUBANJAR, RASNA KOJU



RISHAV DHUKUCHHU, SARIKA MANANDHAR, LILA BAHADUR ROKA, SUJIT KOJU, SHREEYA TUITUI, SASHA BHAINATO, KIMARIRA KUSMA, MANISH DHUNGANA

BAL VIKASH ENGLISH SECONDARY SCHOOL 1988 BHAKTAPUR

# BAL VIKASH SECONDARY SCHOOL

Libali, Bhaktapur, Phone: 01-5122223, 01-5122089, E-mail: bvess1988@gmail.com

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा